# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ४८ | काठमाडौं | आइतबार, २७ जेठ २०८१ | Prabhab National Daily | Sunday, June 9, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




**यार्सागुम्बाको खोजी** | डोल्पाको ठूलीभेरी नगरपालिका–११ ग्यालवाडाको पाटनमा यार्सागुम्बा टिप्न जाँदै स्थानीय बासिन्दा । *तस्बिरः हेमन्त केसी/रासस*

# मानव बेचबिखन बढ्दो
# कानुन अभावले उद्धारमा कठिनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** लागुऔषध सेवन र हातहतियार खरखजनासम्बन्धी अपराधपछि विश्वमा सबैभन्दा बढी हुने अपराधमध्येमा पर्छ- मानव बेचबिखन तथा ओसारपसार । यस्तो अपराध पछिल्ला दिनमा नेपालमा पनि झाँगिदो रहेको नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ ।

ब्युरोका प्रवक्तासमेत रहेका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार यसरी मानव बेचबिखन तथा ओसारपसारमा पर्ने पीडितमध्ये दुईतिहाइ महिला छन् । नेपालबाट मिर्गौला, कलेजो र रगतसमेत मानव तस्करहरूले तस्करी गर्ने गरेका छन् । जबकि, नेपालको विद्यमान कानुनअनुसार मिर्गौला बेचबिखन गर्ने, वेशयावृत्तिमा लगाउने, अंग निकाल्ने र वेशयागमन लगाउने कार्यलाई मानव बेचबिखन मान्ने गरिन्छ । किन्ने-बेच्ने उद्देश्यले मानिसहरूलाई विभिन्न प्रलोभन देखाएर

- मानव बेचबिखन तथा ओसारपसारमा पर्ने पीडितमध्ये दुईतिहाइ महिला
- बेचबिखनमा पर्नेहरु भिजिट भिसामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै जाने गरेको खुलासा

एक ठाउँबाट अर्को ठाउँ वा विदेशमा लाने कार्यलाई मानव ओसारपसार भन्ने गरिन्छ ।

यस्तो अपराधमा संलग्न एक हजार २२१ जनालाई प्रहरीले २०७६ सालयता पक्राउ गरिसकेको छ । मुद्दा दर्ता देशभर ९७१ वटा भइसकेका छन् । ब्युरोमामात्रै



२८० मुद्दा दर्ता भएकामा २३७ वटाको टुंगो लागेको छ । प्रवक्ता मिश्रका अनुसार नेपालबाट बेचबिखनमा परेका वा ओसार पसारमा परेकाहरू श्रम शोषण, यौन शोषण, जबर्जस्ती विवाह, घरेलु दासत्व, जालसाँजी, एक ठाउँदेखि अर्को ठाउँमा लगेर बेचिने गरेका छन् ।

बेचबिखनमा पर्नेहरू भिजिट भिसामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै जाने गरेको पनि उनले बताए । रोचक त के छ भने देशभित्र र बाहिरी मुलुकमा हुने यस्ता अपराधको स्वरूप पूरै भिन्न छ । नेपालभित्र बेचबिखनमा पर्नेहरू अनाथ बालबालिका छन् । कतिपयचाहिँ आमाले छाडेका बालबालिका मानव तस्करहरूको निशानामा पर्ने गरेका छन् । उनीहरूलाई फकाएर विभिन्न प्रलोभन देखाई ल्याएपछि मनोरञ्जन गृहहरूमा सरसफाइ क्षेत्रमा काम लगाउने र अन्ततः वेशयावृत्तिमा लगाउने गरेको पाइएको मिश्रले बताए ।

(**क्रमशः पृष्ठ २ मा**)

निर्मला कुर्मी बेपत्ताको ६ वर्ष

# जग्गा पूर्वसभासद वादशाहकै कब्जामा, निर्मला अझै बेपत्ता



*तस्बिर सौजन्यः महिला अधिकार मञ्च बाँके*

> हामी घटनाको अनुसन्धानको अन्तिमतिर आइपुगेका छौं । ठ्याक्कै दिन तोकेर त भन्दैनौ तर छिट्टै अनुसन्धान टुंग्याउँछौं र घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउँछौं ।
>
> ■ **तुलबहादुर कार्की**
> **प्रमुख, बाँके प्रहरी**

■ **जेबी योञ्जन**

**काठमाडौं–** एकल महिला निर्मला कुर्मी सम्पर्कविहीन भएको छ वर्ष हुनै लाग्यो । बाँकेको नेपालगञ्ज-१७ परस्पुर घर भएकी उनको भारतमा मृत्यु भएको भन्ने खबर चार वर्षअघि आएको थियो । अहिलेसम्म उनको मृत्यु घटनाबारे यकीन तथ्य भेटिएको छैन ।

घटनाअघि उनी करोडौं मूल्य पर्ने जग्गाका धनी थिइन् । परस्पुरमा सडक छेउमै निकै महँगो पर्ने साढे चार बिघा जग्गा उनको थियो । सोही जग्गा हडप्न उनलाई सम्पर्कविहीन बनाइएको ठानिन्छ । किनभने उक्त जग्गामा पूर्वसभासदसमेत रहेका कांग्रेस नेता वादशाह कुर्मीको आँखा गडेको थियो । उनले निर्मलाबाट जग्गाको लालपुर्जादेखि नागरिकतासम्म कब्जा गरेका थिए । यसबारे २० चैत २०६७ मा जिल्ला प्रशासन कार्यालय बाँकेमा निर्मलाले उजुरीसमेत दिएकी थिइन् । अधिकारकर्मी रुबी खानसहितले प्रदर्शन गरेका थिए । अन्ततः कागजात वादशाहले फिर्ता गरेका थिए ।

(**क्रमशः पृष्ठ २ मा**)

## उजाडिएको कुर्मी परिवार

देशमा द्वन्द्व उत्कर्षमा थियो । त्यहीबेला २०६२ मा निर्मलाले पति महालुलाई गुमाइन् । अधबैंसे छँदै उनी विधुवा भइन् । सिँउदोबाट सिन्दूर पुछियो । अनि, बालखै दुई छोरा सुरेश र रामसागरको लालनपालन, शिक्षादीक्षादेखि घर व्यवहार गर्ने जिम्मा निर्मलाकै काँधमा आइलाग्यो । जग्गा जमिन भने पर्याप्त थियो । सडक छेउको जग्गा हुनाले सबै बेच्दा त्यसबेलै करोडभन्दा बढी आउने थियो । सोही जग्गामा छिमेकी वादशाह कुर्मीको नजर गड्यो । अनि, वादशाहको थिचोमिचोमा पर्न थालिन् निर्मला । कहिले घरमै आएर कुटपिट गर्थे । कहिले बारीमा घिसार्थे । जग्गा हडप्न खोज्थे ।

यसरी घरमुली नहुनु र सन्तान बालखै हुनाले निर्मलाले वादशाहबाट सहनु पिर सहिन् ।

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

# नक्कली कागजात बनाएर विदेश पठाए मानव बेचबिखनको मुद्दा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले अब वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई नक्कली कागजात बनाएर वा झुक्याएर पठाएमा त्यसउपर मानव तस्करी तथा ओसारपसार मुद्दा चलाउन सक्ने भएको छ । केही नेपाल ऐन संशोधनमार्फत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई थप व्याख्या गर्दै नक्कली कागजातका आधारमा वा झुक्याएर विदेश पठाउनेविरुद्ध मानव तस्करी तथा ओसारपसार मुद्दा चलाउन सक्ने व्यवस्था गरिएको हो ।

मानव बेचबिखन तथा ओसारपसारको विषयमा थप व्याख्या गर्दै २०८० चैत ३० गते राजपत्रमा प्रकाशित संशोधित ऐनमा दुईवटा बुँदा थप गरिएको छ । अब थप गरिएका बुँदाअनुसार सरकारलाई नक्कली कागजात बनाएर वा झुक्याएर विदेश पठाउने कार्यमा संलग्नविरुद्ध मानव तस्करी तथा ओसारपसार मुद्दा चलाउने बाटो खुला भएको छ ।

यसअघि भएको ऐनको दफा ४ को (२) मा मानव बेचबिखन तथा ओसारपसार गरेको मानिने दुईवटा बुँदालाई यथावत् राख्दै थप व्याख्यासहितको अरू दुई बुँदा थपिएको छ । पहिला व्यवस्था भएको दुईमध्ये पहिलो बुँदा (क) मा 'किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने ।' र दोस्रो बुँदा (ख) मा 'वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ प्रलोभनमा पारी, झुक्याइ, जालसाज गरी, प्रपञ्च मिलाइ, जबर्जस्ती गरी करकापमा पारी अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने' भन्ने उल्लेख गरिएको छ ।

ऐन संशोधनपश्चात् थपिएका दुई बुँदा, जसमध्ये (ग) मा 'प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बद्नियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झूठा कागजात बनाई वा झुक्याइ विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थानबाहेक अन्य मुलुकमा गैरकानुनीरूपमा प्रवेश गराउने मानव तस्करीसम्बन्धी कार्य गरे वा गराएमा ।' र (घ) मा 'किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यका लागि नेपाल ल्याउने' भनिएको छ ।

संशोधनअघिका दुई बुँदाले मात्र मानव तस्करी तथा ओसारपसारजन्य कार्यलाई सम्बोधन गर्न पर्याप्त नभएको भन्दै नेपाल प्रहरीलगायत सरोकारवाला सबैले मानव तस्करसम्बन्धी थप परिभाषा र कानुनी व्यवस्था गर्न सरकारसँग माग गर्दै आएका थिए । संशोधित ऐनअनुसार नेपालीलाई मात्र नभई विदेशीलाईसमेत नेपालको बाटो भएर अवैधरूपमा विदेश पठाएमा वा नेपालमै राखे पनि मानव तस्करी तथा ओसारपसारको कार्य गरेको मानिने आप्रवासनविज्ञ तथा कानुनका जानकार डा. सोमप्रसाद लुईंटेलले बताए । कानुनमा अहिले गरिएको संशोधनले तस्करीमा संलग्नलाई कारबाही गर्न सहज भए पनि पर्याप्त नभएको उनको भनाइ छ ।

# व्यवसायीको समस्या समाधानमा सभापति देउवाको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वैदेशिक रोजगार व्यवसायीका समस्या समाधान गर्न कांग्रेसले पहल गर्ने बताएका छन् ।



नेपाली कांग्रेसको सुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नवनिर्वाचित कार्यसमितिसँग शनिबार भएको भेटमा उनले वैदेशिक रोजगार व्यवसायीले भोग्नुपरेका समस्या समाधानका लागि कांग्रेसले पहल गर्ने बताए । सभापति देउवाले व्यवसायीका समस्याबारे पार्टीले संसद्मासमेत कुरा उठाउने प्रतिबद्धता व्यक्त गरेको एसोसिएसनका अध्यक्ष दीपक थापाले बताए ।

एउटा म्यानपावर कम्पनीले वार्षिक १०० जना श्रमिकलाई अनिवार्यरूपमा विदेश पठाउनुपर्ने सरकारको बाध्यकारी नीतिले समस्या भएकोले उक्त नीति पुनरावलोकनका लागि पहल गरिदिन सभापति देउवासँग आग्रह गरिएको उनले बताए । उनले म्यानपावर कम्पनीले बैंक तथा वित्तीय संस्थामा राखेको धरौटी रकम धेरै भएकाले त्यसमासमेत पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेको बताए ।

भेटमा पार्टी उपसभापति पूर्णबहादुर खड्का, पार्टीको वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका प्रमुख प्रकाश रसाइली, कांग्रेस केन्द्रीय सदस्य सीता देवकोटा, कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव एवं राष्ट्रिय सभा सांसद कृष्णप्रसाद पौडेललगायतको सहभागिता रहेको थियो ।

यसअघि बिहीबार वैदेशिक रोजगार व्यवसायी संघ र विभिन्न पार्टीनिकट व्यवसायी संघसंस्थाका प्रतिनिधिले श्रम तथा रोजगारमन्त्री डोलप्रसाद अर्याललाई भेटेर वैदेशिक रोजगार व्यवसायका क्षेत्रमा देखिएका समस्या समाधानका लागि आग्रह गरेका थिए ।




# सकियो ‘वः महोत्सव’



**भक्तपुर–** भक्तपुरमा शनिबार आयोजित ‘वः महोत्सव’ सम्पन्न भएको छ । नेवारी खानाका परिकार प्रवर्द्धन गर्ने उद्देश्यले मध्यपुर पर्यटन विकास समितिको आयोजना र मध्यपुरथिमि नगरपालिकाको सहकार्यमा आयोजित वः महोत्सव तथा ग्रीन भेजिटेबल एक्स्पो-२०२४ मा उपत्यकाका ख्यातिप्राप्त १८ वटा नेवारी रेस्टुराँ तथा स्थानीय किसान तथा महिला समूहलगायतका स्टल रहेका समितिका अध्यक्ष रमेश प्रजापतिले जानकारी दिए ।

मध्यपुरथिमिको मध्यभाग अर्थात् वडा नं ७ नगदेशको प्रांगणमा महोत्सवको उद्घाटन गर्दै मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले महोत्सवमार्फत मध्यपुरको मात्र नभई भक्तपुरकै पर्यटन प्रवर्द्धन भएको बताए । महोत्सव अवलोकनपछि प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा)का उपाध्यक्ष सुमन पाण्डेले बन्दीपुरको पर्यटनको शैलीमा मध्यपुरथिमिको पर्यटन विकास गर्नुपर्नेमा जोड दिए । महोत्सवमा परम्परागत तथा सांस्कृतिक उत्पादन तथा हस्तकलाका सामान बिक्री वितरण गरिएको थियो ।

महोत्सवमा वःका विभिन्न परिकार राखिएका थिए । अध्यक्ष प्रजापतिका अनुसार नेवार समुदायमा जन्मदेखि मृत्यु र मृत्युपछि श्राद्धसम्म, विभिन्न चाडपर्व मनाउन र देवी-देवतालाई चढाउन वःका परिवारको प्रयोग गरिन्छ । महोत्सवमा चटामरी, योमरी, गाजरको रक्सी, चुकन्दरको रक्सी र चिया, जुजु धौलगायत नेवारी खानाका परिकारहरू राखिएका थिए ।

मयुर नाच, रोपाइँ जात्रा, सात कालिको नाच, कुमारी नाचलगायत स्थानीय सांस्कृतिक नृत्यहरूसमेत सो अवसरमा देखाइएको महोत्सव संयोजक विक्रम बाडेले बताए । मध्यपुरथिमिमा गत वर्ष पनि वः महोत्सव आयोजना गरिएको थियो । मेलाका लागि नगरपालिकाले छ लाख रूपैयाँ सहयोग गरेको समितिले जनाएको छ । साथै व्यवसायीहरूले स्वस्फूर्तरूपमा दुई लाख रूपैयाँ सहयोग गरी कूल आठ लाख रूपैयाँ लागतमा महोत्सव आयोजना गरिएको बाडेले जानकारी दिए ।

केही खान मिल्ने वःमा माय् वः, मुँ वः, मुसू वः, भुति वः, तरकारी वः, ला वः/लापी वः, खें वः ख्वल्चा वः, भु वः/तःपा वः, सू वः/बारा वः का नामले पनि चिनिन्छ । बार वःका कारण नेवारी परिकार बारा प्रसिद्ध भएको पाइन्छ । कतिपय वः खानाका परिकारका रूपमा लिइँदैन ।

लिच्छिवी र मल्लकालदेखि नेवार समुदायका विभिन्न चाडबाडमा र जीवनका विभिन्न सुख दुःखमा वःको प्रयोग गरिन्थ्यो । मेलामा वःको ऐतिहासिक, सामाजिक र स्वास्थ्यका लागि के-कति महत्त्वबारे पनि जानकारी दिइएको थियो । वःका परिकारबारे मेलाका अवसरमा विज्ञहरूले कार्यपत्रसमेत प्रस्तुत गरिएको थियो ।

मेलाले मध्यपुरथिमिको पर्यटन तथा आर्थिक समृद्धिमा ठूलो टेवा पुग्ने विश्वास गरिएको छ । नेवार समुदायको विशेष चाड सिथिनखःको अवसरमा आयोजना गरिएको मेलामा मास, मुगी तथा अन्य विभिन्न गेडागुडी भिजाइ पिसेर अण्डा, माछा, मासु तथा मरमसला मिलाई टावामा विभिन्न आकार बनाई पकाइने विशेष परिकारसमेत प्रस्तुत गरिएको छ ।

मध्यपुरमा रहेका प्राकृतिक सौन्दर्यता, विभिन्न पर्यटकीय आकर्षण कला संस्कृति र सम्पदा, कलात्मक मठमन्दिर, पाटीपौवा, सत्तल, बिहार र कयौं उत्कृष्ट तथा साम्प्रदायिक सहिष्णुताको बस्ती र स्मारक क्षेत्र देश विदेशमा पुऱ्याई पर्यटकलाई आकर्षित गर्न मेलाले महत्त्वपूर्ण भूमिका खेल्ने समितिले जनाएको छ ।

साथै सिथिनखःबाट मध्यपुरथिमिका जनताबाट सेवा प्रदान गरी मध्यपुरवासीले गर्ने सम्मान, सत्कार र संस्कारसमेतको पहिचान नेपाल भित्रिएका विभिन्न देशका पर्यटकलाई तथा आन्तरिक पर्यटकलाई देखाउन मेला आयोजना गरिएको समितिको भनाइ छ । वः खाने प्रचलन मल्लकालबाट सुरु भएको मान्यता छ । भक्तपुरको तलेजु भवानीलाई चढाइने ८४ प्रकारका रोटीमध्ये वः का विभिन्न प्रकार पनि समावेश गर्ने प्रचलन छ । माय वः, मुं वः, मुसू वः, कःसू वः, भुति वः, मुस्या वः, चिचिन्दा वःलगायतका वःहरू तलेजु भगवान्लाई चढाउने गरिन्छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### जग्गा पूर्वसभासद...

तर, २०६९ सालमा भने निर्मलाको जग्गा वादशाहसहित अन्य केही व्यक्तिको नाममा नामसारी भयो । आफ्नो जग्गा हडपेको थाहा पाएकी निर्मला यसविरुद्ध लडाइँमा लडिरहिन् । यहीबीच २५ माघ २०७५ देखि निर्मला एकाएक सम्पर्कविहीन भइन् । वादशाहलगायतले निर्मलाले भारतमा बिहे गरेको चर्चा चलाए । त्यसको दुई वर्षपछि निर्मलाको भारतमै मृत्यु भएको खबर गाउँभर फैलियो । यसपछि निर्मलाको अपहरण तथा शरीर बन्धक बनाएर हत्या गरेको आरोपमा महिला अधिकार मञ्च बाँकेले १६ मंसिर २०७८ मा वादशाहसहित कृष्णमुरारी सिंह, कुवर बबन सिंह, उर्मिला कनोजिया, अम्मरलाल कुर्मी, धीरेन्द्र सिंह, रमेश थापा र पार्वती विष्टको नाममा किटानी जाहेरी दियो । उनीहरूलाई तत्काल पक्राउ गरी अनुसन्धान गर्न मञ्चको माग थियो ।

र, त्यहीबेला घटनाको अनुसन्धान गर्न प्रहरी उपरीक्षक कमल थापाको नेतृत्वमा एउटा टोली गठन भयो । उक्त टोली स्थलगत अनुसन्धानका लागि बाँके पुग्यो । तर, केही पनि घटनाबारे नयाँ तथ्य फेला पारेन । यसपछि अनुसन्धानले थप गति पनि लिएको छैन । यद्यपि, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले निर्मलाका नाममा रहेको जग्गा र नामसारी भएको कागजात नियन्त्रणमा लिएर त्यसको अनुसन्धान गरिरहेको दाबी गरेको छ ।

निर्मलाको घरजग्गा भूमाफिया वादशाहसहितले किर्ते कागज, जालझेल गरी नामसारी गरेको तथ्य गृह मन्त्रालयका सहसचिव हिरालाल रेग्मी नेतृत्वको समितिले भेटेको थियो । समितिले तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणसमक्ष दोषी पक्राउ गर्न प्रतिवेदनमा सुझाव दिइएको थियो । सोहीअनुसार २०७८ मंसिरमा रमेश थापा, पार्वती विष्ट, कृष्णमुरारी सिंह, उर्मिला कनोजिया, अमरलाल कुर्मी र धीरेन्द्र सिंह गरी छ जना आरोपीलाई प्रहरीले पक्राउ गरेर २१ दिन हिरासतमा राखेर हाजिरी जमानीमा छाडेको थियो । कांग्रेसबाट सभासद भइसकेका कुर्मी र आरोपित ८० वर्षीय कुवर बब्बन सिंहलाई भने अदालतले उमेर हदम्यादका कारण साधारण तारिखमा छाडेको छ ।

तर, प्रहरीले गम्भीरतापूर्वक निर्मला कुर्मीकाण्डको अनुसन्धान गरेको छैन । यद्यपि, यसलाई बाँके प्रहरीले अस्वीकार गरेको छ । बाँकेका प्रहरी प्रमुख तुलबहादुर कार्कीले प्रभावसँग भने, ‘हामी घटनाको अनुसन्धानको अन्तिमतिर आइपुगेका छौं । ठ्याक्कै दिन तोकेर त भन्दैनौं तर छिट्टै अनुसन्धान टुंग्याउँछौं र घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउँछौं ।’

निर्मलाको न्यायका लागि भन्दै सरकारलाई दबाब दिन शुक्रबार बाँकेदेखि आइपुगेको महिला र अधिकारकर्मीहरू सम्मिलित १४ जनाको टोली माइतीघरमा धर्नामा बसेका छन् । राष्ट्रिय महिला अधिकार मञ्च बाँकेको नेतृत्वमा आएको टोलीको नेतृत्व अधिकारकर्मी रुबी खानले गरेकी छन् । यसअघि उनीहरूले एक सातासम्म बाँके जिल्ला प्रशासन कार्यालय परिसरमा आन्दोलन गरेका थिए । त्यहाँ उनीहरूको माग सुनुवाइ नभएपछि फेरि काठमाडौं आएका हुन् ।

धर्नारत उनीहरूलाई नागरिक अभियन्ता, कानुन व्यवसायी तथा सरोकारवालाहरू आएर भेट्ने, धर्नामा ऐक्यबद्धता जनाउने गरेर साथ दिइरहेका छन् । २०७८ यता खानको नेतृत्वमा बाँकेदेखि महिला र अधिकारकर्मीहरू हरेक वर्ष निर्मला कुर्मीको न्यायका लागि पैदल हिँडेर आउने गरेका छन् ।

गृहमन्त्रीले हरेक वर्ष नै घटनाका दोषीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाउँछन् र उनीहरूलाई फर्काउँछन् । तर, घटनाको अनुसन्धान जहाँको त्यहीँ हुन्छ । जसबाट आरोपीहरूले खुलेआम हिँड्न पाएका छन् ।

खानसहितका अधिकारकर्मीहरूले निर्मलाको मुद्दालाई छिटो अदालतमा पुऱ्याउन माग गरेका छन् । बाँकेका एसपी तुलबहादुर कार्कीसहित अनुसन्धान अधिकृतले दोषीलाई उम्काएर निर्दोषलाई फसाउने कार्य गरेको भन्दै उनीहरूले कारबाहीको माग गरेका छन् । आन्दोलनकारी र उनीहरूका परिवारको सुरक्षाको पनि माग अधिकारकर्मीहरूले गरेका छन् ।

### उजाडिएको कुर्मी...

यसरी वादशाहको हेपाहा प्रवृत्तिविरुद्ध जसोतसो लड्दै आएकी निर्मलाको जीवनमा २०६६ साल ‘महादुखान्त’को वर्ष बन्यो । त्यस वर्षको कात्तिक दोस्रो साता कान्छो छोरा रामसागर एक्कासि बिरामी परे । लगत्तै उनको मृत्यु भयो । उनी १४ वर्षका थिए । श्रीमान् महालु गुमाएको त्यसबेला चार वर्षमात्रै भएको थियो । पति वियोग भुल्दै गरेकी उनलाई पुत्र वियोग आइलाग्यो ।

अधिकारकर्मी रुबीका अनुसार निर्मलाले उनलाई त्यसबेला रामसागरको मृत्यु संस्कारमा वादशाहले जानसमेत नदिएको गुनासो गरेकी थिइन् । ‘मैले नौ महिना गर्भमा बोकेँ । बाँकी १४ वर्ष स्याहारेर हुर्काएँ । उनको खै कसरी मृत्यु भयो,’ निर्मलाले त्यसबेला आफूलाई भनेको कुरा स्मरण गर्दै रुबीले प्रभावसँग भनिन्, ‘उनै मेरो छोरालाई चितामा राखेर अन्तिम विदाइ गर्ने चाहना थियो । तर, वादशाहले जान दिएनन् । रोके ।’

कान्छो छोरा रामसागरको मृत्युले कुर्मी परिवार दुखान्तमा पऱ्यो । परिवारको खुसी उड्यो । घर उजाडियो । तर, सहनुको विकल्प निर्मलासामु थिएन । यत्तिकैमा फेरि, अर्को बज्रपात आइलाग्यो । मंसिर महिना (२०६६) कै अन्तिम साता जेठो छोरा सुरेशको पनि एक्कासि बिरामी परेर मृत्यु भयो । जतिबेलासम्म कान्छो पुत्र गुमाउँदा सहनुपरेको दुःखको आँसु आँखामा ओभाएकै थिएन । बलिन्द्र आँसुमा डुबिन् निर्मला । यद्यपि, सुरेशको पनि मृत्यु संस्कार गर्नैपऱ्यो । उनी १८ वर्षका थिए ।

घरदेखि तल रहेको खेतको गरामा उनको अन्त्येष्टि गरियो । तर, त्यहाँ पनि वादशाहले निर्मलालाई जान दिएनन् । घरको पेटीदेखि छोराको शव धुवाँमा उडेको मात्रै हेर्न विवश भइन् ।

अधिकारकर्मी रुबीका अनुसार निर्मला आफ्ना दुई छोराको स्वाभाविक मृत्यु भएको ठान्दिन थिइन् । उनी शव परीक्षण गराउनुपर्ने पक्षमा थिइन् । किनभने खानामा विष मिसाएर खुवाएको हुन सक्ने उनको आशंका थियो । तर, उनले भनेजसरी शवको परीक्षण भएन । यसरी एकपछि अर्को दुःखको भूमरी निर्मलाले सामना गर्नुपऱ्यो ।

## पृष्ठ १ बाट क्रमशः

### मानव बेचबिखन...

रेस्टुरेन्ट व्यवसायीले त्यस्ता बालिका वा महिलाहरूलाई सम्पर्कमा राख्ने र ग्राहक आएपछि मिलाइदिने गरेको पनि उनी बताउँछन् । घरेलु र उद्योगमा कामदारको रूपमा जबर्जस्ती लगाउनेजस्ता अपराध पनि नेपालमा बढ्दो रहेको उनको भनाइ छ । छिमेकी मुलुक भारतमा नेपालबाट लगेर वेशयावृत्तिमा लगाउने र कतिपयलाई मानव तस्करहरूसँग सम्पर्क गराएर तेस्रो मुलुकमा पठाउने अपराधको प्रवृत्ति छ ।

चीनमा भने नेपाली महिलाहरूलाई विवाह गराएर तस्करहरूले चिनियाँ केटाहरूसँग पठाउने र त्यहाँ पुगेपछि वेश्यावृत्तिमा लगाउने गरेको पनि ब्युरोले जनाएको छ । मध्यपूर्वका देशहरू ओमान, कुवेत, सिरिया र इराकमा नेपाली महिलाहरूलाई यौनदाषीको रूपमा राख्ने गरेको पनि ब्युरोको दाबी छ । ती देशहरूमा नेपाली महिलालाई पुऱ्याउन भारत-दुबईको रुट प्रयोग गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।


पूर्वी एसियाली देशहरू थाइल्यान्ड, म्यानमार र लाओसमा भने नेपाली युवायुवतीलाई लगेर मानव तस्कर हरूलाई साइबर अपराधमा लगाउने गरेका छन् । युरोपका स्यान्जेन देशहरूबाट भने रुस-युद्धमा नेपाली युवायुवतीलाई पठाउने गरेको पाइएको ब्युरोको दाबी छ । यससँगै अमेरिका पठाउने ठूलो मानव तस्करहरूको समूह रहेको तर उनीहरूलाई कानुनी दायरामा ल्याउन मुस्किल परेको ब्युरोका प्रवक्ता मिश्रले बताए ।

त्यसरी तस्करीमा लगिएपछि महिलाहरूलाई यौन शोषणमा सबैभन्दा बढी लगाउने, यौन शोषण घरधनीबाट हुने र श्रम शोषण पनि उत्तिकै हुने गरेको छ । पैसा नदिएर जबर्जस्ती श्रम शोषणमा पनि लगाउने गरिएको पाइएको बताइएको छ ।

उसो त नेपालले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानुन पार्लेमो प्रोटोकलमा १६ जुन २०२० मा हस्ताक्षर गरिसकेको छ । तर, अझैसम्म यो कानुन कार्यान्वयनका लागि बनाउनुपर्ने नौ वटा कानुन सरकारले बनाएकै छैन । आवश्यक कानुनहरू बनाएको अवस्थामा नेपालबाट भएको मानव बचेबिखन तथा ओसार पसारका पीडितहरूको उद्धार, अपराधमा संलग्नलाई विभिन्न देशबाट पक्राउ गरेर ल्याएर कानुनी दायरामा ल्याउन सहज हुने वरिष्ठ अधिवक्ता मीरा ढुंगाना बताउँछिन् ।

उनका अनुसार पार्लेमो प्रोटोकललाई कार्यान्वयन गर्नका लागि राहदानी ऐन, अध्यागमन ऐन, बालश्रम ऐन मानव बेचबिखन तथा ओसारपसार ऐन, वैदेशिक रोजगारी ऐन, पारस्परिक कानुनी सहायता ऐन, संगठित अपराधन ऐन, श्रम, ऐन, सुपुदर्गी ऐन, मुलुकी अपराध संहिता ऐनलाई संशोधन गर्नुपर्छ । यति गरे जुन देशमा नेपाली नागरिक बेचिएका छन्, त्यहाँ नेपाली नागरिकले कानुनी सहायता पाएर न्याय पाउँछन् । तर, अहिले पनि पार्लेमो प्रोटोकल कार्यान्वयनका लागि आवश्यक नौवटा कानुन नबनाइँदा नेपालबाट बेचबिखनमा वा ओसारपसारमा परेकाहरूको उद्धार गर्न कठिनाइ भइरहेको ब्युरोले जनाएको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ २७ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| **वृष** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **मिथुन** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **कर्कट** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **सिंह** | काम प्रारम्भ गर्न सकिनेछ । |
| **कन्या** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **तुला** | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **वृश्चिक** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **धनु** | रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । |
| **मकर** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **कुम्भ** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **मीन** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २७ गते, २०८१, ९ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४४.६४ | १४५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९७ | १६९.७४ |
| स्विस फ्रैन्क | १ को | १४६.३४ | १४७.०० |
| अस्ट्रेलियन डलर | १ को | ८९.०४ | ८९.४५ |
| क्यानाडियन डलर | १ को | ९७.७४ | ९८.१९ |
| सिँगापुर डलर | १ को | ९८.८७ | ९९.३१ |
| जापानी येन | १० को | ८.५५ | ८.५९ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.४७ | ३५.६३ |
| कतारी रियाल | १ को | ३६.४९ | ३६.६६ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३८ |
| मलेसियन रिङ्गेट | १ को | २८.३८ | २८.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८३ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १७.०५ | १७.१३ |
| कुवेती दिनार | १ को | ४३३.१७ | ४३५.१३ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**साकेला सिली नाच** | किराँत राई यायोक्खा, काठमाडौंद्वारा शनिबार टुँडिखेलमा आयोजित किराँत समुदायको प्रमुख चाड साकेला (उभौली)का अवसरमा परम्परागत वेशभूषामा सजिएर गोलो घेरामा ढोल र झ्याम्टा बजाउँदै साकेला सिली नाच प्रस्तुत गर्दै ।
*तस्बिरः हरिराम भेटुवाल/रासस*

# ‘कपेर महाँकाल गढी’ मध्यकालदेखि नै रणनीतिक महत्त्वको गढी रहेको दाबी

**काठमाडौं–** इतिहासका अध्येताले काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिकास्थित ‘कपेर महाँकाल गढी’ मध्यकालदेखि नै रणनीतिक महत्त्वको गढी रहेको दाबी गरेका छन् । शुक्रबार बेथानचोक गाउँपालिका र संस्कृति तथा पुरातत्त्व अध्ययन केन्द्रको आयोजनामा गरिएको अन्तर्क्रिया कार्यक्रममा प्रा.डा. दिनेशराज पन्तलगायत इतिहासकारले सो गढीको ऐतिहासिक महत्त्वबारे अवगत गराएका थिए ।

काभ्रेको पनौती र मकवानपुरको हरिहरपुरगढीको बीचमा रहेको सो गढी मध्यकालीन समयमा सिम्रौनगढबाट उपत्यकामा हुने आक्रमणको मार्गसमेत रहेको उनीहरूको दाबी छ । अध्ययन केन्द्रले गरेको अध्ययनबाट सोही क्षेत्रमा नेपाल एकीकरणको समयमा तत्कालीन गोरखाली सेना र अन्य सेनसेनाबीच युद्ध भएको पुष्टि भएको छ ।

सो अवसरमा प्रा.डा. पन्तले भने, ‘वि.सं. १८१९ माघ १० गते मकवानपुरगढीमा बंगाली सेनासँग युद्ध भयो । त्यस्तै वि.सं. १८२४ असोज १५ गते सिन्धुलीगढीको पौवा गढीमा किनलकको सेनालाई हटाइयो । अंग्रेजहरू यहाँसम्म नआइपुगे पनि यो मकवानपुरबाट उपत्यका प्रवेश गर्न नदिन तयार पारिएको गढीका रूपमा चिन्न सकिन्छ ।’ तत्कालीन समयमा उपत्यकाबाट पूर्वतर्फको आक्रमण रोक्न यो गढी महत्त्वपूर्ण भएको उनको भनाइ थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख महेशकुमार आचार्यले त्रिभुवन विश्वविद्यालयका अध्यापक एवं स्नातकोत्तर उत्तीर्ण विद्यार्थीले गरेको यो अध्ययनले नयाँ स्थानको ऐतिहासिक महत्त्व उजागर भएको जानकारी दिए । उनले भने, ‘यस्ता अध्ययन अन्वेषणमा विश्वविद्यालयले यस्ता संघसंस्थाको सहयोग लिएर अघि बढ्छ ।’ कार्यक्रममा बेथानचोक गाउँपालिकाका अध्यक्ष भगवान् अधिकारीले पालिकामा पहिचान भएको ऐतिहासिक ‘कपेर महाँकाल गढी’ले नेपालको इतिहासका खोजीमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले भने, ‘अनुसन्धान टोलीले पहिचान गरेको यो अनुसन्धानले पालिकाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने छ ।’

पुरातत्त्वविद् प्रा.डा. मदनकुमार रिमालले तत्कालीन समयमा नेपाल उपत्यकामा भएका अधिकांश आक्रमण पूर्वतर्फबाट हुने गरेकाले पूर्वतर्फ बलिया र महत्त्वपूर्ण गढीको निर्माण गर्ने चलन पहिलेदेखि नै चल्दै आएको तर्क गरे । भक्तपुरका राजाले अन्यत्रभन्दा पूर्वतर्फको किल्ला बलियो बनाउने गरेको इतिहास रहेको जनाउँदै उनले यही क्रममा यो स्थानमा मध्यकालमा नै गढीको निर्माण गरिएको हुनसक्छ भने ।



उनले भने, ‘सोही व्यवस्थित गढीलाई पछि अंग्रेज सेनाले सेन सेनालाई जितेर हरिहरपुरको सहायक गढीका रूपमा विकास गरेको हुनसक्छ ।’

त्रिवि नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागकी सहप्रा.डा. सन्ध्या खनाल पराजुलीको नेतृत्वमा अध्ययन केन्द्रका अध्यक्ष सुदर्शन अर्याल र महेश सापकोटाको संलग्नतामा भएको अनुसन्धानबाट ‘कपेर महाँकाल गढी’ मा गोरखाली सेना र सेनवंशी सेनाबीच युद्ध भएको र तामाङ सेना सो युद्धमा सहभागी भएको भेटिएको पुष्टि भएको बताइएको छ । कपेर महाँकाल गढीमा युद्ध भएको थियो भन्ने कुरालाई यस डाँडाको फेदीमा अवस्थित गहिरो खोंच तथा सोको घ्यागरवाङ भनिने स्थानीय नामले पनि पुष्टि गरेको केन्द्रका अध्यक्ष अर्यालले बताए । पछि यो रणनीतिक महत्त्वको गढीलाई गोरखाली सेनाहरूले कब्जामा लिएर हरिहरपुर गढीपछिको सुरक्षाकिल्लाका रूपमा विकास गरेको देखिएको अनुन्धानको नेतृत्व गरेका डा खनालले जानकारी दिए ।

### टुँडिखेलको महाँकाल र कपेर महाँकालको सम्बन्ध

सोही गढीको पश्चिमपट्टि रहेको कपेर महाँकाल थान पनि सांस्कृतिकरूपमा महत्त्वपूर्ण रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । गढीको निर्माण गर्दा त्यसको मध्यभागमा जय, विजय, विषाखा, कुवेर आदि देवताको स्थापना गर्ने कौटिल्यको अर्थशास्त्रमा उल्लिखित विधानअनुसार नै बेथानचोकको कपेर महाँकाल गढीमा पनि सुरक्षाको निमित्त महाँकालको स्थापना गरिएको अध्ययनका क्रममा भेटिएको अध्यक्ष अर्यालले बताए ।

स्थानीय किंवदन्तीका आधारमा टुँडिखेलमा रहेको महाँकाल यही स्थानबाट लगिएको हो । हरेक दिन टुँडिखेलबाट भागेर आफ्नो पुरानो स्थानमा नै आउने गरेकोले टुँडिखेलको महाँकालको खुट्टामा साङ्लाले बाँधिएको स्थानीयको भनाइ छ । टुँडिखेलको महाँकालको मूर्तिमा सांलाले बाँधिएको छ । यसैगरी महाँकालको कथा युद्धसँग पनि जोडिएको छ । युद्ध चलिरहेको समयमा सेनाका उच्च अधिकारीलाई सपनामा महाँकालले उनको थानमा बलि चढाएर उपासना गरे सत्रु पराजित हुने सुझाव दिएको, बलि चढाएपछि घाँसपात सिस्नु तथा कीराफटचांग्रा अरिंगाल बनेका, सत्रुका आँखा बन्द भएको र युद्ध जितिएको, यसको असर थामडाँडामा गढीमा पनि परेको भनाइ पाइन्छ । *रासस*

# उपकरण सञ्चालन नहुँदा हिमोफिलियाका बिरामी पहिचानमा समस्या

**काठमाडौं (प्रस)–** प्रदेश अस्पतालमा उपलब्ध गराएको उपकरण सञ्चालन नआउँदा हिमोफिलियाका बिरामी पहिचान गर्न समस्या भएको छ । हिमोफिलिया सोसाइटी नेपालले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा दाताका सहयोगमा उपलब्ध गराइएका ‘कोगुलोमिटर’ उपकरण सञ्चालन नहुँदा हिमोफिलिया बिरामी पहिचान गर्न नसकिएको जानकारी दिइयो ।

कोशी अस्पताल, चितवनस्थित भरतपुर अस्पताल, पोखरा स्वास्थ्य तथा विज्ञान प्रतिष्ठान र लुम्बिनी प्रादेशिक अस्पतालमा उपलब्ध गराइएको ‘कोगुलोमिटर’ उपकरण रिएजेन्टको अभावले सञ्चालन आएका छैनन् । मधेस र कर्णाली प्रदेशमा भने सञ्चालनमा आएका छन् । सुदूरपश्चिम प्रदेशका सेती प्रादेशिक अस्पतालले भने प्राविधिक अभावले उक्त उपकरण लैजान मानेको छैन । राष्ट्रिय जनगणनाअनुसार चार हजार ९३७ हिमोफिलियाका बिरामी रहेको तथ्यांक रहे पनि अहिले पहिचान गरी उपचारमा ८७० जना बिरामी रहेका छन् ।

अहिले काठमाडौंमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, त्रिवि शिक्षण अस्पताल, सिभिल अस्पतालमा हिमोफिलियाका बिरामीको पहिचान गर्न ‘स्क्रिनिङ’ गरिन्छ । हिमोफिलियाको परीक्षणका लागि ८०० देखि दुई हजार रूपैयाँसम्म लाग्ने गर्दछन् । रगत जमाउने आवश्यक तत्त्वको कमीको कारणले लामो समयसम्म रक्तश्राव भइरहने अवस्थालाई हिमोफिलिया भनिन्छ । हिमोफिलिया एक वंशाणुगत समस्या हो भनेर पनि चिनिन्छ । मानव शरीरमा हुने रगतको १३ वटा तत्त्वमध्ये कुनै एउटा तत्त्वको कमीको कारण हिमोफिलिया हुन्छ । यो वंशाणुगत र कोषमा उत्परिवर्तन भएर पनि हुन्छ ।

हिमोफिलिया प्रभावित व्यक्तिहरू चोटपटक लाग्न सक्ने स्थानबाट सकभर जोगिनुपर्ने हुन्छ । शरीरमा रगत जमाउने आवश्यक तत्त्वमध्ये कुनै तत्त्वको मात्रा एक प्रतिशतभन्दा कम भएका गम्भीर हिमोफिलिया, एकदेखि पाँच प्रतिशतसम्म भएमा मध्यम हिमोफिलिया र पाँच प्रतिशतभन्दा माथि भएका अल्प हिमोफिलिया भनिन्छ ।


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**(दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०२/२७ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.१६२८ मिति २०८०/०९/१३ को वन पैदावार सङ्कलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.३५६५ मिति २०८१/०१/३१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, दवदवे र खयरका जातका गोलिया थान २२५ को २४७८।५१ क्यू.फि.काठ र साल जातको दाउरा ४.०० चट्टा, अन्य जातको दाउरा ६.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स.मिल वा कम्पनीले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी १६औं दिनको दिउँसो १२.०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्णव्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सिक सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–४, बाँके**



## अधिकृत वारेसनामा बदरको सूचना

खिलक बहादुर बानियाँको छोरी दिपक खड्काको श्रीमती का.जि.का.म.न.पा.वडा नं.९ घर भई हाल कामको सिलसिलामा अमेरिकामा बस्ने वर्ष ४५ की हजुरी खड्का (ना.प्र.नं.३९२९ मिति २०५३/०६/१६ जि.प्र.का.काठमाण्डौ) ले नेपालको कुनै पनि अड्डा अदालतमा उपस्थित भई कुनैपनि मुद्दाको सम्वन्धमा जो सुकै उपर उजुरी निवेदन फिराद पत्र प्रतिउत्तर पत्र रिट निवेदन लगायत कुनै पनि मुद्दा दर्ता गरी काम कारवाही गर्न र कसैले म उपर नालीस उजुर गरेको खण्डमा समेत प्रतिउत्तर दिन, वयान गर्ने वा सोही सम्वन्धमा अरु कुनै किसिमको निवेदन, दर्खास्त, पुनरावेदन, रिट निवेदन, मिलापत्र आदि गर्नको लागि इन्द्र बहादुरको नाति खिलक बहादुर बानियाँको छोरा ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं.१९ बस्ने वर्ष ३४ को दिवाकर बानियाँ (ना.प्र.नं.७२९१२ मिति २०५२।०३।१ जि.प्र.का.ल.पु.) लाई मिति २०६९ साल फागुन २५ गते रोज ०६ मा अमेरिका स्थित नेपाली राजदुतावासबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**–हजुरी खड्का**



## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौतारा, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१/०२/२७)**

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८१।०१।२३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बिद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | खरीद कार्यको प्रकृति | सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताका नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र कन्टिजेन्सी बाहेक) रु. |
|---|---|---|---|---|
| १ | CSGM/NCB/GOODS-06/2080/081 | Procurement of medicine (Package II) for Chautara Sangachokgadhi Municipality | R.D. Medico Suppliers Pvt. Ltd, Lalitpur Nepal | १७,१५,९५०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/२७ गते)

झुसे बिष्टको नातिनि, कुत्ते बिष्टको छोरी दान सिह नायकको पत्नी बैतडी जिल्ला, मेलौली न.पा वडा नं. ०१ बैतडी (साबिक मेलौली गा.वि.स वडा नं. ०९, बैतडी) बस्ने द्रोपती नायकको मिति २०७९/०३/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मेलौली शाखामा रहेको बचत खाता नं.२७१०१६९५१०९०००० र २७१०२२४४३९१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय मेलौली हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय मेलौली, बैतडी फोन नं. ९८५८७५०३१२**



## तु-आवश्यकता

**यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## 'लू'को जोखिमबाट जोगिऔं

देशभर सामान्य वर्षा भएपछि निरन्तर उकालो लागेको तापक्रम केही नियन्त्रण भई राहत दिलाएको छ । तर वर्षा रोकिएसागै पुनः गर्मी बढ्दै गएको अवस्था छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार तराई क्षेत्रमा ४० डिग्रीभन्दा माथि तापक्रम रहेको छ । तापक्रम बढेसँगै तराई क्षेत्रको जनजीवन प्रभावित हुन पुगेको छ । गर्मीसँगै विभिन्न समस्या निम्तिने हुँदा यसबाट जोगिन सतर्कता अपनाउन जरुरी छ ।

यो वर्ष तापक्रम र वर्षा दुवै औसतभन्दा बढी हुने महाशाखाले जनाएको छ । महाशाखाले जेठ ३१ गतेदेखि नेपालमा मनसुन भित्रिने अनुमान गरिएको थियो । यद्यपि, त्यसअघि नै वर्षा भएको छ । अत्यधिक गर्मी हुने र तातो हावा चल्ने जोखिम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले सावधानी अपनाउन अनुरोध गरेको छ ।

गर्मीमा आउने तातो हावा (लू)ले स्वास्थ्यमा पुऱ्याउने जोखिमबाट बच्न विभिन्न उपाय अपनाउन जरुरी छ । तातो लहरको असरबाट बच्न गर्मीको समयमा घरभित्र नै रहने, घरबाहिर नजाने, हलुका र सुतीका कपडा लगाउने, घरबाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित र पटक–पटक पानी तथा झोल पदार्थ पिउने गर्नुपर्दछ । तातो हावा तथा तातो लहर (लू)बाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसीहरू दुख्ने, वान्ता हुनसक्ने भएकाले लूबाट बच्न स्वास्थ्यविद्हरूको सुझाव छ । सर्वसाधारणलाई लू तथा गर्मीका अन्य जोखिमबाट जोगाउन स्थानीय तहहरूको सक्रियता आवश्यक देखिन्छ । गर्मीबाट बच्ने उपायहरूबारे प्रचारप्रसार एवं जनचेतना जगाउन स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुनसक्छ । त्यसैले यसमा स्थानीय तहहरूले प्रभावकारी कदम चाल्नुपर्छ ।

बढ्दो गर्मीको मुख्य कारण जलवायु परिवर्तन हो । नेपाल जलवायु परिवर्तनबाट धेरै प्रभावित हुने मुलुकमध्येमा पर्छ । पछिल्ला वर्षहरूमा हामीले जलवायु परिवर्तनको प्रभाव अनुभव गर्दै आएका छौं । यसले दीर्घकालमा जोखिम बढाउँदै जाने प्रस्ट छ । जलवायु परिवर्तनमा नेपालको योगदान नरहे पनि यसको प्रभाव भोग्नुपरिरहेको छ । विकसित राष्ट्रहरूका कारण भोगिरहेको यो समस्याको क्षतिपूर्तिका लागि नेपालले माग गरिरहेको छ । तर, नेपालको आवाज दरिलो भइरहेको छैन । यसलाई अझ प्रभावकारी रूपमा विश्व मञ्चमा उठाउन जरुरी छ ।

# जीवन विज्ञानका उपयोगी कुरा



■ नेत्र सुवेदी 'प्रयास'

> विचारको कब्जियत हुनु पनि दुःखको कारण हो । साँघुरो विचार लिनु, आफ्नो र आफ्नाको मात्र चिन्तन गर्नु कदापि राम्रो होइन । के चाहिँ बुझ्न जरूरी छ भने हाम्रो सबभन्दा नजिक धन सम्पत्ति वा अरू कोही व्यक्ति नभएर हामी आफ्नै शरीर छ यसको हित हुने काम गर्दै अगाडि बढ्न जरूरी छ । यही शरीरमा हामीलाई निरन्तर सताउने हाम्रो मन छ । यो मनलाई ठेगानमा राख्नका लागि पनि हामी श्वासप्रश्वाससँग जोडिएको प्राणायाम साधना, विपश्यनालगायतका योग तथा ध्यान गर्न सक्छौं । यसका लागि जीवन विज्ञान उपयुक्त स्थान वा प्लेटफर्म हुन सक्छ ।

शास्त्रमा जुन व्यक्तिले मनलाई बसमा राख्न सक्छ ऊ नै सफल हुन सक्छ भनिएको छ । मनलाई तह लगाउने उपाय भनेको साधना हो, योग हो, ध्यान हो, सत्संग हो र अध्ययन हो । जीवनलाई सही मार्गमा लगाउने बाटो नै जीवन विज्ञान हो । भनिएको छ कि हामीलाई आवश्यक पर्ने पाँच किसिमका धन हुन्छन् । वित्तीय धनले पैसा र सम्पत्तिको स्वामित्वको कुरा गर्दछ, सामाजिक धनमा समाजले दिएको स्थान र लोकप्रियता पर्दछ । समयको धनले केही नयाँ काम गर्ने स्वतन्त्रतालाई इंगित गर्दछ । भौतिक धनले अरू केही नभएर स्वास्थ्य र तत्परतालाई इंगित गर्दछ र आध्यात्मिक धनले मनको शान्ति तथा स्वयंको सम्मानलाई जोड दिन्छ ।

शरीर, मन र आत्मालाई बलियो राख्ने शुद्ध राख्ने र कर्मशील राख्ने कलाबाट नै खुसी र समृद्धि प्राप्त हुने गर्दछ । मूलतः विपश्यनाको १० दिने साधना र जीवन विज्ञानका कक्षाहरूमा सहभागी हुँदा योग गुरु रमेश नेपाल र एलपी भानुसँगको प्रवचन तथा जीवन विज्ञान प्रतिष्ठानद्वारा २०७५ सालमा प्रकाशित पुस्तक 'समस्या अनेक समाधान एक' नामक पुस्तकको अध्ययनबाट प्राप्त ज्ञानले यो आलेख लेख्न प्रेरित गरेको छ । आफूभित्र समाधान खोज्न सक्षम हुनका लागि पनि योग र ध्यानको सहयोग लिँदा शारीरिक, मानसिक, भावनात्मक तथा आत्मिक स्वास्थ्यका साथै आनन्द प्राप्त हुन जान्छ । व्यक्तिले आन्तरिक यात्रा गर्नका लागि प्रथमतः अन्तर मुखी हुन जरुरी हुने र पूर्वीय सभ्यता विभिन्न प्रसंगहरूको सहयोगले आत्मिक रूपान्तरणको पथ देखाउने र साधनाको असल प्रभाव सम्बन्धमा पुष्टि गर्ने अभियान जीवन विज्ञानमा रहेको छ ।

### अहंकारबाट ॐकारतिरको यात्रा

हामी सबैमा कुनै न कुनै लेभलको इगो छ, अहंकार छ । व्यक्तिमा हुने शक्तिका दुई वर्ग छन् । पहिलो अहंकारको शक्ति र दोस्रो ॐकारको शक्ति । पहिलो वर्गको शक्ति अर्थात् अहंकार समस्याको कारण हो भने दोस्रो शक्ति अर्थात् ॐकार भने व्यक्तिको जीवनमा व्याप्त समस्याको समाधान हो । अहंकारबाट सिर्जित चार शक्तिका रूपमा ज्ञानी छु भन्ने अहंकार, शारीरिक बल छ भन्ने अहंकार, साधनाको अहंकार र दैवी शक्तिको अहंकारलाई व्याख्या गरिएको छ । यी सबै अहंकारका रूपले हामीलाई छद्मरूपमा शक्तिशाली अनुभूत गराए पनि, विविध विषयमा केही न केही प्राप्ति भएको जस्तो देखिएता पनि समग्र परिणाममा भने हाम्रो काम राम्रो हुँदैन ।

सुख जस्तो देखिएता पनि दुःखको निर्माणमा ती शक्तिले योगदान गरिरहेका हुन्छन् । परिणाम राम्रो हुनका लागि त अहंकारलाई निर्मूल वा विसर्जन गर्न सक्नुपर्दछ । इन्द्रीयले दिने अनुभूतिभन्दा बाहिर जान सक्नुपर्दछ अर्थात् इन्द्रीयातित हुन सक्नुपर्दछ । त्यस्तो शक्तिलाई ॐकारको शक्ति नाम दिइएको छ । अर्थात् हामीमा दोस्रो वर्गको शक्ति पनि आवश्यक पर्दछ अझ भनौं पाँचौं शक्तिका रूपमा ॐकारलाई अवलम्बन गर्न सक्नुपर्दछ । ताकि बाँकी चारवटा शक्तिले पैदा गर्ने खराबीलाई न्यूनीकरण वा निर्मूल गर्न सकियोस् । ॐकारको जानकारी राख्ने र साधना गर्ने व्यक्तिमात्र वास्तवमा शक्तिशाली हुन सक्छ । ॐकारको हामीसँग भएर पनि शरीरभन्दा अलग रहेको मानिन्छ । सबै शक्तिको स्रोतचाहिँ यही ॐकारको शक्ति मानिएको छ । यो अनुपम आनन्ददायक शक्तिलाई परमात्माको शक्ति पनि भनिन्छ र यो अविनाशी हुन्छ । अहंकाररूपी शक्तिलाई ॐकाररूपी शक्तिमा रूपान्तरण गर्नका लागि निरन्तरको साधना भने आवश्यक पर्दछ र जीवन विज्ञानको मार्गमा साधनाको व्यवस्थित अभ्यास सिकाइन्छ ।

प्रश्न उठ्न सक्छ कि अहमरूपी भारी कसरी बिसाउने ? अहम बढ्दै जाने एउटै कारण छ त्यो के हो भने हामी परिवारमा, संगठनमा, समाजमा केही राम्रो काम भएको छ भने आफ्नै कारणले भएको हो भन्न मन पराउँछौं । केही अपजस वा असमर्थता आइलाग्यो भने त्यो अरूको कारणले भएको भन्न रुचाउँछौं । समय पायो कि अरूको कुरा काट्न हामीलाई मजा लाग्छ समय गएको पत्तो नै हुँदैन ।

संसारको एक कुनामा एउटा झिनो काममा हाम्रो जीविका चलिरहेको छ, होला केही सामाजिक काम तथा मानवसेवाको काम पनि गरेका होलाऔं तर आफू नभई संसार नै रोकिन्छ, सामाजिक काम अगाडि बढ्दैन, मैले काम नगरी कसरी नतिजा आउला भन्ने खालको हामीले बोकिरहेको अहंकारको महान भारी बिसाउनै पर्दछ । कामको राम्रो परिणाम आउनुमा समाज वा परिवार राम्रोसँग चल्नुमा साथी, परिवार तथा समुदायका सदस्य वा कुनै समूहलाई जस दिन जानिन्छ र अझ राम्रो कामको लागि जब प्रेरक बन्न सकिन्छ अनिमात्र हामी अहंकारको च्यादर हटाउन थाल्दछौं । यो कार्यका लागि पनि समग्र जगतमा हाम्रो राम्रो वा नराम्रो छुट्याउने शक्ति जगाउन जरुरी हुन्छ ।

### तीन किसिमका फोहोर

संसारमा नयाँ-नयाँ रोगले मानव सभ्यतालाई चुनौती दिइरहेको हुन्छ । कहिले त रोगले महामारीकै रूप लिने गरेको छ । यस्तो रोगको कारण विवेचना गर्दा मूलतः फोहोरको कारण रोगको जन्म भएको पाइन्छ । त्यसमा पनि मात्र तीन किसिमका फोहोरमध्ये कुनै एक वा दुई वा तीनको संयोगबाट हामीलाई लाग्ने रोग जटिल हुँदै गएको हुन्छ । ती तीन किसिमको फोहोर भनेको शरीरको फोहोर, मनको फोहोर र वातावरणको फोहोर हो । शरीरभित्र फोहोर कसरी प्रवेश गर्दछ । शरीरभित्र कहाँ-कहाँ फोहोर जम्मा भएर बस्छ अनि के कस्ता फोहोरहरू हामीले शरीरबाहिर निष्काशन गर्नुपर्दछ भन्ने महत्त्वपूर्ण विषय हो । हामीले लिने श्वाससँग, खानेकुरासँग, पिउने कुरासँग शरीरभित्रको फोहोर सम्बन्धित छ ।

रोग लाग्ने र एकबाट अर्कोमा सर्ने प्रक्रिया कि शरीरको फोहोर र कि वातावरणको फोहोरसँग सम्बन्धित हुन्छ । अहिले बढ्दै गएको र विश्वभर भयाभह असर देखाइरहेको मनको फोहोर हो । हाम्रो मनमा जागृत हुने काम, क्रोध, लोभ, मोह, इर्ष्या र द्वेषका कारण हामी व्यक्तिगत र सामाजिकरूपमा असल कार्य गर्न सक्दैनौं । मनको फोहोरको कारण शरीर पनि कमजोर बन्दै जान्छ । यी तीन प्रकारका फोहोरको पहिचान गरी फोहोर हुनै नदिने र रहे भएको फोहोर सफा गर्नका लागि साधना आवश्यक छ, असल जीवनप्रणालीको अभ्यास आवश्यक छ ।

### समृद्धिका लागि त्रिशक्ति र त्रिगुणको विकास

हामी आफ्नो कर्म क्षेत्रमा आत्मा निष्ठाका साथ काम गर्नुपर्दछ । जुन थालमा खायो त्यही थालमा प्वाल पार्ने काम कदापि गर्नुहुँदैन । जीवनलाई सबल, सक्षम र समुन्नत बनाउनका लागि शारीरिक, मानसिक र आत्मिक शक्तिको अभ्यास गर्नुपर्दछ । त्यस्तै दुर्गुणबाट सद्गुणतर्फको यात्रा तय गर्नुपर्दछ । यसका लागि एकैदिनमा एकैछिनमा सम्भव छैन निरन्तरको साधना आवश्यक छ । तेस्रो गुण अर्थात् निर्गुण परमात्माको क्षेत्र हो । निर्गुण निराकार निरञ्जन मानिने भगवान् हुन् ।

हामी आफूमा भगवत तत्त्व जगाउन सक्दछौं । निर्गुण अवस्थामा उपलब्ध हुने अवसरका लागि ध्यान आवश्यक छ । राम्रो नराम्रो, ठीक बेठीक, मेरो तेरो भन्ने भावनाबाट निर्देशित वा विचलित नभई समान रहन सक्ने कला आवश्यक छ । परधर्मो भयावह भनिएको पनि छ । आफ्नो काममा ध्यान कम हुने तर अरूले गर्ने गरेको काममा बढी चासो राख्ने काम घातक हुन्छ । समय बर्बादी गर्ने, अल्छी हुने र अरूको चियोचर्चो गर्नेभन्दा पनि आफ्नो कामलाई माया गरेर समर्पित भावले लागिपर्ने व्यक्तिले मात्र समृद्धि प्राप्त गर्ने क्षमता राख्दछ ।

### खुसी हुने सूत्र

चयन हाम्रै हो फैसला आफ्नै हो, सद्गुण प्रयोग गर्ने वा दुर्गुणहरू प्रयोग गर्ने । दुःख दिने खालका आफैंभित्र रहेका खराबी वा अहम्का विभिन्न पक्षहरू चिन्न र हटाउन सक्नुपर्दछ । ध्यानबाट प्रेम र शान्ति उत्पन्न हुने हुँदा नियमित ध्यान गर्नु श्रेयस्कर छ । शान्ति, स्थिरता र प्रेममा अहंकारको कामै छैन । तसर्थ, अहंकारप्रति सजग हुनु अति आवश्यक छ । चञ्चल मनलाई एकाग्र गर्न सकेमा मात्र खुसी प्राप्त हुन्छ । अरूसँग प्रेमपूर्ण सम्बन्ध राख्नुपर्दछ । खासगरी कर्मसँग, व्यक्तिसँग, विषयसँग र प्राकृतिक सम्पदासँगको सम्बन्ध प्रेमपूर्ण हुनु जरुरी छ । यसका लागि पनि साधना आवश्यक छ । वास्तवमा हाम्रै जीवनशैली र आनिबानीका कारणले हाम्रो जीवनको फल प्राप्त हुने हो । अर्को शब्दमा भन्नुपर्दा हामी जे खोज्यो त्यही पाउँछौं सुख वा दुःख ।

विचारको कब्जियत हुनु पनि दुःखको कारण हो । साँघुरो विचार लिनु, आफ्नो र आफ्नाको मात्र चिन्तन गर्नु कदापि राम्रो होइन । के चाहिँ बुझ्न जरुरी छ भने हाम्रो सबभन्दा नजिक धन सम्पत्ति वा अरू कोही व्यक्ति नभएर हामी आफ्नै शरीर छ यसको हित हुने काम गर्दै अगाडि बढ्न जरुरी छ । यही शरीरमा हामीलाई निरन्तर सताउने हाम्रो मन छ । यो मनलाई ठेगानमा राख्नका लागि पनि हामी श्वासप्रश्वाससँग जोडिएको प्राणायाम साधना, विपश्यनालगायतका योग तथा ध्यान गर्न सक्छौं । यसका लागि जीवन विज्ञान उपयुक्त स्थान वा प्लेटफर्म हुन सक्छ ।

### अन्त्यमा

जीवनलाई सार्थक बनाउने मार्ग सिकाउने विभिन्न सिकाइस्थल छन् । बुद्धले सिकाउनुभएको व्यक्तिभित्र जम्मा भएका क्लेश विसर्जन गर्ने विपश्यनाको स्वयं अभ्यास कलादेखि ओशो रजनिशले सिकाउनुभएको साधनाको विधिसम्म । डा. योगी विकासानन्द, डा. राजु अधिकारीलगायत थुप्रै साधकहरूले पूर्वीय सभ्यताको प्राचीन भूमि नेपालमा मौलिक योगाभ्यासको चम्किलो उज्यालो छरिरहेका छन् । जीवन विज्ञान प्रतिष्ठानले केही दिनअघि मात्र लुम्बिनीमा बृहत् चक्र विज्ञान साधनाको शिविर सञ्चालन गरेको छ । जीवन विज्ञान सबै उमेर समूहका लागि साधनाको कोर्ष निरन्तररूपमा सञ्चालन गरिरहेको छ । लामो अनुभव र प्रेरणादायी शैलीयुक्त नेपाली गुरुहरूबाट नेपाली आवश्यकता सुहाउँदो साधना कक्षामा सहभागी भएर, युटचुबबाट वा पुस्तकबाट सिक्न र आफूलाई रूपान्तरण गर्ने मार्गमा समर्पित हुन हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षाका साथ हरि ॐ । *रासस*

*(लेखक नेपाल सरकारका सहसचिव हुन्)*

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । क्रमशः

## पत्र-मञ्जुषा

# आफू काम नगर्ने, अरूलाई पनि गर्न नदिने !

जनताबाट चुनिएर आएका राजनीतिक दल र जनप्रतिनिधिहरू पाँच वर्षको बीचमा पुनः जनतामाझ जानुपर्छ । अघिल्लोपटक चुनाव जितेको बेला काम गर्न नसकेपछि कतिपय राजनीतिक दलले अर्कोपटकको चुनावमा क्षेत्र फेर्छन् । त्यसको उदाहरण वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल पनि हुन् ।

२०६४ सालको निर्वाचनमा उनी दुई क्षेत्रबाट चुनाव लडेका थिए । उनी अत्याधिक मत ल्याएर दुवै क्षेत्रबाट निर्वाचित भए । २०७० सालको चुनावमा उनी धनुषा पुगे । त्यहाँबाट उनले चुनाव लडे । २०७४ को चुनावमा उनले चितवनबाट उम्मेदवारी दिए । २०७९ मा उनले गोरखाबाट चुनाव लडेका हुन् ।

२०६४ को चुनावमा काठमाडौं क्षेत्र नम्बर १० बाट जितेका उनले २०७० मा हारे । उनले २०७० मा पनि दुई ठाउँबाटै उम्मेदवारी दिएका थिए । धनुषामा जिते, काठमाडौं हारे । चुनाव जितेर आएको पाँच वर्षमा जनप्रतिनिधिले के-के गरे ? जनताको बारेमा कति आवाज उठाए ? के-के कानुन बनाए ? जनताले अध्ययन गरिरहेका हुन्छन् ।

वर्तमान सांसदले के गरिरहेका छन् ? यो पनि जनताले नियालिरहेका छन् । गत फागुन २१ देखि जेठ १५ गतेसम्म नेपाली कांग्रेसले सदन अवरोध गऱ्यो । सहकारीको छानबिन समिति बनाउनुपर्ने माग राख्दै कांग्रेसले सदन चल्न दिएन । तर, नेकपा माओवादी केन्द्र, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी छानबिन समिति बनाउन तयार भएनन् ।

बरु, पेलेर जान खोजे । कांग्रेसले बाहिरको अवस्था बुझिसकेको थियो । सहकारी सञ्चालकले लाखौं बचतकर्तालाई ठगेको, सहकारीबाट लाखौं पीडित भएकोबारे कांग्रेसका सांसद जानकार थिए । बचतकर्ताको पीडा सदनमा उठाएर छानबिन समिति गठन गर्न सके अर्को निर्वाचनमा 'हिरो' हुने सोचेर कांग्रेस अगाडि बढ्यो ।

तर, सत्तापक्ष छानबिन समिति बनाउन तयार भएन । तीन महिना सदन अवरोध भयो । सदनबाट एउटा पनि कानुन पारित भएन । यद्यपि, सांसदहरूले तलबभत्ता र अन्य सेवासुविधा लिइरहे । चाहे त्यो सत्तापक्ष होस् या विपक्ष । सभामुखदेखि सांसद र कार्यरत कर्मचारीले काम नगरी तलब खाए ।

माओवादी, एमाले, रास्वपा सुरुमा समिति गठन गर्न तयार भएनन् । सदन चलाउन उनीहरूले पहल नै गरेनन् । उनीहरू समिति नबनाउने अडान कसिरहे । जब बजेट सदनमा प्रस्तुत गर्ने बेला भयो, त्यसपछि मात्रै सत्तापक्षका दलहरू तातिए । कुरा यतिमात्रै हो कि पहिल्यै समिति गठन गरिदिएको भए, जनताले तिरेको कर 'बालुवामा पानी' त बन्दैनथ्यो ।

ऐन कानुन पनि बन्थ्यो । सहकारीपीडितको आँखामा माओवादी, एमाले र रास्वपा नांगिसकेको छ । अब आउने चुनावमा सहकारीपीडितले यी पार्टीलाई भोट दिँदैनन् । आफ्नै पार्टीको कार्यकर्ता भए पनि भोटको अपेक्षा नगर्दा पनि हुन्छ । अहिले राजनीतिक दलभन्दा बढी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह चर्चामा छन् ।

उनले जुन हिसाबमा काम गरिरहेका छन्, त्यो एकदमै तारिफयोग्य छ । सबैसँग भिडेर उनले जनताको पक्षमा काम गरिरहेका छन् । आफूलाई जसले जेसुकै भनोस्, उनलाई मतलब छैन । उनलाई बस जनताले दिएको जिम्मेवारी पूरा गर्नुछ । स्वतन्त्रबाट आएका उनलाई सबै दलले मिलेर पेल्न खोजेका छन् ।

तर, देशभरका जनता उनको पक्षमा उभिएका छन् । महानगरले न्युरोडमा फुटपाथ बढाउन खोजेको थियो । अरुले काम गरेको देख्न नसक्ने एमालेले त्यसको विरोधमा आफ्नो कार्यकर्ता सडकमा उताऱ्यो । फुटपाथ सबैका लागि हो । चाहे त्यो न्युरोडबासी होस् या अन्य जिल्लाबासी ।

पर्यटक हिँड्ने पनि फुटपाथबाटै हो । एमालेका झोलेहरूले आफ्ना कार्यकर्ता उतारेर न्युरोडबासीको नाम लिइरहेका छन् । फुटपाथ बनाएपछि भोलि पार्किङ राखेर खान नपाउने डर एमालेलाई छ । तर, जनता भने फुटपाथ विस्तारको पक्षमा छन् । फुटपाथ साँघुरो हुँदा महिलालाई सबैभन्दा धेरै समस्या भएको छ ।

ठोक्किँदै, कुल्चिँदै, ठेल्दै हिँड्नुपर्ने बाध्यता छ । फुटपाथ सानो हुँदा अधिकांश बीच सडकबाट हिँड्छन् । यस्तो समस्या हुँदाहुँदै पनि फुटपाथ विस्तार गर्नुहुँदैन भनेर बुरुकबुरुक उफ्रिरहन्छन् । सीधै भोलि हाम्रो कमाउने भाँडो सकिन्छ भने भइहाल्यो नि !

काम गर्नेको यति 'हाइ हाइ' हुँदो रहेछ भन्ने बालेनबाट पुष्टि भयो । मेयर काठमाडौंको तर मन जितेको देशभरको जनताको । नेताहरू जनताभन्दा पनि आफू भुँडी भर्नमा व्यस्त भए । जसका कारण राजनीतिक दलहरू जनताबाट टाढिदै छन् । जनताको आवश्यकताभन्दा पनि नेताको स्वार्थमा काम गर्ने दलले अर्को चुनावमा त्यसको परिणाम अवश्य भोग्ने छ ।

–अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सीप विकास तालिमले सीमान्तकृत महिलामा उत्साह

## तालिमसँगै उद्यमका लागि अनुदानको अपेक्षा



■ संगिता डिम्दोङ

**सिन्धुली–** जिल्लाको हरिहरपुरगढी गाउँपालिका-४, भुत्रेकी सीताकुमारी राई दनुवार (३४) लाई आधारभूत बेकरी तालिम लिएपछि आत्मविश्वास बढेको छ, अब केही गरेर जीविका धान्न सक्छु । सीताकुमारीले दुई वर्षअघि श्रीमान् बितेपछि संघर्षका कठिन दिनहरू बिताउनुपरेको छ । काठमाडौंमा वेल्डिङ मिस्त्रीको काम गरिरहेका श्रीमान्को कार्यस्थलमै दुर्घटनामा परी मृत्यु भएको थियो । श्रीमान्को मृत्युपछि घर व्यवहार धान्ने मात्रै होइन, छोराको पालनपोषण र पढाइको सम्पूर्ण दायित्व उनैको काँधमा थोपरियो ।

श्रीमान् बितेको १३ दिनपछि म्यादी प्रहरीमा भर्ना खुलेको थियो । उनले आवेदन दिइन् र म्यादीमा छनोट हुन सफल पनि भइन् । म्यादी प्रहरीको डेढ महिने जागिर सकेपछि गाउँपालिकामै एउटा स्कुलको प्रोजेक्टमा छ महिना काम गरिन् । त्यसपछि भने बेरोजगार छिन् । घरको काम गर्दै बसेकी छन् । श्रीमान्को घर क्यानेश्वर भए पनि उनी भुत्रेस्थित माइतमै बस्दै आएकी छन् । छोरालाई सिन्धुलीमाढीमा राखेर पढाइरहेकी छन् । छोराको पढाइका लागि एक गैरसरकारी संस्थाले सहयोग गरिरहेको उनले बताइन् । '१२ कक्षाको परीक्षा दिएर बसेकी थिएँ, वडाध्यक्षले तालिम खुलेको छ भन्नुभयो । सीप सिकिन्छ भनेर आएको,' बागमती प्रदेश सरकारले हरिहरपुरगढीमा सञ्चालन गरेको बेकरी तालिममा भेटिएकी सीताकुमारीले भनिन्, 'बेकरी तालिम लिएपछि केही गर्न सक्छु भन्ने आत्मविश्वास बढेको छ ।'

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले सीमान्तकृत महिलालाई लक्षित गर्दै यहाँ १५० घण्टाको बेकरी तालिम सञ्चालन गरेको हो । मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा 'सीमान्तकृत महिला लक्षित सीपमूलक तालिम र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी कार्यक्रम' सञ्चालनका लागि प्रदेशका आठ वटा जिल्ला छनोट गरेको छ । जसअन्तर्गत सिन्धुलीको हरिहरपुरगढीमा सीमान्तकृत दनुवार महिलाहरूका लागि बेकरी तालिम सञ्चालन गरिएको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले जानकारी दिइन् । 'चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा पहिलोचोटी सीमान्तकृत महिलाहरूका लागि तालिम राखिएको हो । प्रदेशका आठ जिल्लामा उनीहरूको आवश्यकता र मागअनुसार कार्यक्रम राखेका छौं,' मन्त्री मोक्तानले भनिन् ।

सीताकुमारीजस्तै मञ्जु राई दनुवार (३५) पनि तालिमबाट उत्साहित भएकी छन् । मकवानपुरमा विवाह गरेकी मञ्जु पनि माइतीघर भुत्रेमै बस्दै आएकी छन् । आठ वर्षअघि कुकुरको टोकाइबाट रेबिज रोग लागेर श्रीमान्को मृत्यु भएको थियो । त्यसयता एक छोरीको साथमा उनले एकल जीवन बिताउँदै आएकी छन् । दश कक्षाभन्दा माथि पढ्न नपाएका कारण रोजगारी पाउन नसकेको उनले गुनासो गरिन् । बेकरी तालिम लिएपछि भने केही आशा जागेको उनले बताइन् । 'सीप सिकेर उद्यमी बन्छु भनेर आएको । तालिम फइदाजनक भएको छ, अब अन्त गएर पनि काम गर्न सक्छु भन्ने विश्वास बढेको छ,' मञ्जुले उत्साहित हुँदै सुनाइन् ।

तालिममा कलेज पढ्दै गरेका छात्राहरू पनि उत्साहका साथ सहभागी भएका थिए । जसमध्येकी हुन् हरिहरपुरगढी गाउँपालिका-४, हाक्पाराका रीता राई दनुवार (१९) र सुजाता राई दनुवार (१९) । उनीहरू दुवैजना कक्षा १२ को परीक्षा दिएर बसेका हुन् । तालिम अपेक्षा गरेजस्तै उपयोगी भएको उनीहरूले सुनाए । '१२ कक्षाको परीक्षा सकेर फुर्सदको समय सदुपयोग गर्न तालिम लिन आएकी हुँ । अहिले हरिहरपुरगढीमा सहरीकरण बढ्दै छ । यसले गर्दा बेकरीको बजार पनि बढेको देखेको छु । तालिम लिएपछि कहीँ न कहीँ काम पाइएला भन्ने लागेको छ,' तालिमपछिको अनुभव सुनाउँदै सुजाताले भनिन् ।

रीता पनि बेकरीमा काम गर्न सक्छु भन्नेमा ढुक्क देखिन्थिन् । 'बेकरीमा त अब काम गर्न सक्छु । कम्प्युटरको तालिम पनि लिन पाए हुन्थ्यो,' उनले भनिन् । रीताले बेकरीको एडभान्स तालिमसमेत सञ्चालन गरिदिन प्रदेश सरकारसँग आग्रह गरिन् । प्रशिक्षक अर्जुन राईका अनुसार वैशाख १८ गतेदेखि जेठ १६ सम्म सञ्चालन गरिएको तालिममा २० जना महिला सहभागी भएका थिए । तालिममा १९ देखि ४५ वर्ष उमेरसम्मका महिलाले भाग लिएको उनले बताए । 'बेसिक लेबलको तालिम हो । तालिम लिएपछि उहाँहरू पाउरोटी, दुनोटलगायत बेकरी आइटम बनाउन सक्ने बन्नुभएको छ ।

अब घरमै पनि बनाएर खाना सक्नुहुन्छ,' प्रशिक्षक राईले भने, 'उहाँहरूलाई थप व्यावसायिक बनाउन एडभान्स लेभलको तालिम चाहिन्छ ।' तालिममा महिलाहरूको क्रियाशीलता उत्साहजनक देखिएको उनको भनाइ छ । सामाजिक विकास मन्त्रालयअन्तर्गतका व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडामार्फत कार्यान्वयन गरिएको तालिम कार्यक्रम हेटौंडाकै हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रालिले सञ्चालन गरेको हो ।

### तालिमसँगै अनुदानको अपेक्षा

बेकरी तालिमबाट सीप आर्जन गरेका महिलाहरू आफैं उद्यम सुरु गर्न चाहन्छन् । तर, उद्यमी बन्ने चाहनामा मुख्य बाधक बनेको छ, पुँजी । सीमान्तकृत समुदायका उनीहरूसँग व्यवसाय सुरु गर्न आवश्यक पुँजी छैन । त्यसैले प्रदेश र स्थानीय सरकारबाट सहयोग पाउने अपेक्षा उनीहरूले व्यक्त गरेका छन् ।

भुत्रेकी सीताकुमारी आफैं व्यवसाय सुरु गर्न आर्थिकरूपमा सम्भव नभएको बताउँछिन् । 'बेकरीका लागि आवश्यक फ्रिज, ओभनलगायत सामान महँगो पर्छ । त्यस्तो सामान जुटाउनसक्ने आर्थिक हैसियत हामीसँग कहाँ छ र !,' उनले भनिन्, 'सीप त सिकियो, तर आर्थिक अभावले आफैं व्यवसाय सुरु गर्न कठिन छ । प्रदेश र गाउँपालिकाले अनुदान दियो भने समूहमा मिलेर काम गर्न सकिन्छ ।' यद्यपि तालिम लिन पाएकोमा उनी खुसी छिन् । 'जे भए पनि सीप सिकियो, अरू ठाउँमा खोजेर भए पनि काम गरिन्छ,' सीताकुमारीले भनिन् ।

मञ्जु, रीता र सुजाताले पनि सीताकुमारीकै कुरामा सहमति जनाए । उनीहरूले पनि प्रदेश र गाउँपालिकाबाट सहयोगको अपेक्षा व्यक्त गरे । सरकारबाट अनुदान पाए समूहमा मिलेर उद्यम सुरू गर्न उनीहरू तयार देखिएका छन् ।



सीमान्तकृत महिलालाई आर्थिकरूपमा सवल बनाउन सीप विकास तालिम सञ्चालन गरिएको हो । महिलाहरू आर्थिक हिसाबले सम्पन्न भए भने सामाजिक, सांस्कृतिक हिसाबले त्यो घरको पारिवारिक अत्यन्त राम्रो हुन्छ । त्यसैले महिलालाई सीपमा दक्ष बनाउने, व्यावसायीकरण गराउने र आत्मनिर्भर बनाउने लक्ष्य छ ।

■ **कुमारी मोक्तान**
**मन्त्री, सामाजिक विकास बागमती प्रदेश**

### कार्यक्रमको लक्ष्य महिलालाई आत्मनिर्भर बनाउने हो : मन्त्री मोक्तान

सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेशका महिलाहरूलाई आत्मनिर्भर बनाउने योजना रहेको सुनाइन् । उनले सोही योजनाअनुसार सीमान्तकृत महिलालक्षित सीपमूलक तालिम र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी कार्यक्रम कार्यान्वयनमा ल्याइएको जानकारी दिइन् । 'सीमान्तकृत महिलालाई आर्थिकरूपमा सवल बनाउन सीप विकास तालिम सञ्चालन गरिएको हो । महिलाहरू आर्थिक हिसाबले सम्पन्न भए भने सामाजिक, सांस्कृतिक हिसाबले त्यो घरको पारिवारिक अत्यन्त राम्रो हुन्छ,' मन्त्री मोक्तानले भनिन्, 'त्यसैले महिलालाई सीपमा दक्ष बनाउने, व्यावसायीकरण गराउने र आत्मनिर्भर बनाउने लक्ष्य छ ।'

कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहसँग सहकार्य गरिएको उनको भनाइ छ । 'स्थानीय महिलाहरूको मागअनुसार कार्यक्रम राख्छौं । पालिकाले छनोट गरेको क्षेत्र र समुदायका लागि तालिम सञ्चालन गर्न स्वीकृति दिएका हौं । स्थानीय सरकारसँग जोडिएर जाँदा प्रभावकारी बन्छ भन्ने बुझाइमा कार्यविधि बनाएर कार्यक्रम कार्यान्वयन गरिएको छ,' मन्त्री मोक्तानले भनिन् । तालिम माग र क्रियाशीलताका आधारमा अत्यन्तै प्रभावकारी भएको पाएको उनले बताइन् । यद्यपि, तालिम प्रदान गरिसकेपछि कति उपलब्धिमूलक हुन्छ भन्ने हेर्न बाँकी रहेको मन्त्री मोक्तानको भनाइ छ ।

### कहाँ–कहाँ छ कार्यक्रम ?

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा 'सीमान्तकृत महिलालक्षित सीपमूलक तालिम र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी कार्यक्रम' का लागि ५० लाख रूपैयाँ विनियोजन गरेको छ । सामाजिक विकास मन्त्रालयले कार्यविधि बनाएर आठ वटा जिल्लामा यो कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । सिन्धुली, रामेछाप, दोलखा, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा र मकवानपुरका एक-एक समूहका लागि कार्यक्रम तय गरिएको छ । जसअन्तर्गत सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकामा सीमान्तकृत दनुवार समुदायका महिलालाई बेकरी तालिम दिइएको मन्त्रालयले जनाएको छ । नेपाल सरकारले सूचीकृत गरेको आदिवासी जनजातिमध्ये अति सीमान्तकृत आदिवासी जनजातिको समूहमा पर्ने दनुवार समुदायको बसोबास नेपालको तराई, भित्री मधेस र पहाडी गरी ६२ जिल्लामा पाइन्छ ।

मन्त्रालयले यही कार्यक्रमका लागि रामेछापमा माझी, थामी र पहरी समुदायलाई छनोट गरेको छ । यसैगरी दोलखामा जिरेल र सुरेल तथा सिन्धुपाल्चोकमा माझी समुदायका महिलालाई लक्षित गरी कार्यक्रम तय गरिएको मन्त्रालयले जनाएको छ । काभ्रे, नुवाकोट, रसुवा र मकवानपुरमा भने तामाङ समुदायलाई लक्षित गरिएको छ ।

### कार्यविधिमा के छ ?

'सीमान्तकृत महिलालक्षित सीपमूलक तालिम र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी कार्यक्रम' कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयले बनाएको कार्यविधिमा प्रदेशभित्र स्थायीरूपमा बसोबास गर्ने सीमान्तकृत समुदायका महिलाहरूको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्य उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गरिने जिल्लाहरूमा लक्षित समुदायका महिलाहरूको उपस्थिति लक्षित संख्याअनुसार नहुने अवस्था भएमा सोही जिल्लाअन्तर्गतका अन्य सीमान्तकृत समुदायका महिलाहरूलाई समेत कार्यक्रममा समावेश गर्न सकिने कार्यविधिमा छ ।

प्रतिसमूहमा २० देखि ३० जना सीमान्तकृत समुदायका महिलाहरूलाई तालिममा सहभागी गराइने उल्लेख गरिएको छ । कार्यविधिको दफा ४ उपदफा १ (क) मा सीमान्तकृत समुदायको परम्परागत सीपहरूको संरक्षण हुने व्यावसायिक तालिम तथा उपदफा (ख) बमोजिम निर्माण, कृषि, सेवा, विद्युतीय वायरिङ, हस्तकला, होटल तथा पर्यटन, होजियारी तथा तयारी पोसाक, खाद्यसामग्री प्रशोधन, सूचना र प्रविधि क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । कार्यविधिको व्यवस्था बमोजिम व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडा र धादिङबाट कार्यक्रम सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ ।

साथै, कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा समानरूपमा बाँडफाँड हुने गरी बजेट रकमान्तर गरिएको मन्त्रालयको भनाइ छ । प्राप्त विवरणअनुसार आठ जिल्लामा कार्यक्रम सञ्चालनका लागि प्रतिजिल्ला पाँच लाख ७५ हजार रूपैयाँका दरले ४६ लाख रूपैयाँ छुट्याइएको छ । मन्त्रालयको निर्देशक समिति बैठक, अनुगमन मूल्यांकन, अन्य प्रशासनिक तथा व्यवस्थापकीय खर्चका लागि एक लाख रूपैयाँ छुट्याइएको छ । बाँकी तीन लाख रूपैयाँ भने व्यावसायिक तथा सीप विकास कार्यालय मकवानपुर र धादिङको प्रशासनिक तथा व्यवस्थापकीय खर्च, अनुगमन मूल्यांकनका लागि खर्च गरिने मन्त्रालयले उपलब्ध गराएको विवरणमा उल्लेख छ ।

# ग्लान सांस्कृति संग्रहालय बनाउन ९० लाख

**नुवाकोट (प्रस)–** संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले दुप्चेश्वर गाउँपालिका-४ बेतिनिस्थित नाम्सापुरानलाई पहिचानस्थलको रूपमा विकास गर्न सहयोग गर्ने उद्घोष गरेका छन् । तामाङ जातिभित्रको ग्लान थरका तामाङहरूको ऐतिहासिक थलो मानिने उक्त स्थानमा ग्लान सांस्कृतिक संग्रहालय निर्माण गर्न सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

शनिबार उक्त स्थानको अवलोकन गर्न पुगेका मन्त्री तामाङले आगामी आर्थिक वर्षको बजेटमार्फत त्यस स्थानमा संग्रहालय बनाउन ग्लान समाजको संयोजनमा 'ग्लान उद्गमथलो ङारदिम संरक्षण तथा प्रवर्द्धन केन्द्र' शीर्षकमा ९० लाख रूपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिए ।

सोही क्रममा बागमती जिल्ला समन्वय समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित ग्लानले यस ठाउँको संस्कृति जोगाउनुपर्नेमा जोड दिए । उनले भने, 'ग्लानहरूले खोज्दै आउँदा ग्लानको थातथलोमा आफ्नै संस्कृति पाउनुपर्छ, त्यसका लागि संस्कृति जोगाउनुपर्छ ।' बागमती प्रदेशका पूर्वसांसद ओमबहादुर ग्लानले यस थातथलोलाई चिनाउनका लागि मन्त्रीले बजेट विनियोजन गरेकोमा धन्यवाद दिँदै थातथलोलाई सबैले बिर्सन नहुने बताए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०२/२७

यस कम्पनीको मिति २०८१/०१/१३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वाइवा फर्निचर उद्योग एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ३१३६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वाइवा काष्ठ उद्योग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.**

भक्तपुर जिल्ला, मध्यपुरथिमी न.पा.-२ लोकन्थली

**कर्जाचुक्ता गर्ने बारे जरूरी सूचना**

(प्रकाशित मिति : २०८१/०२/२७ गते आइतबार)

यस सहकारी संस्थाबाट अचल सम्पत्ति धितो र व्यक्तिगत जमानतमा कर्जा लिएर हालसम्म कर्जा तिरोभरो नगरी संस्थासँग सम्पर्कमा समेत नरहेका तपसिलका ऋणीहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थासँग सम्पर्क राखी कर्जा फरफारक गर्न सूचना गरिएको छ । सो समयभित्र संस्थासँग सम्पर्क गरी कर्जा फरफारक नगरेमा सहकारी सम्बन्धी प्रचलित ऐन, नियमावली र संस्थाको विनियमावली समेतका आधारमा ऋणी र परिवारका नाममा रहेको ऋणीका एकाघर परिवारका नाममा रहेको चलअचल सम्पत्ति जायजेथाबाट असुलउपर गर्न कानुन बमोजिम कार्वाही अघि बढाइनेछ । साथै समयमा कर्जा तिरोभरो नगरी संस्थालाई घाटा पुऱ्याउने ऋणीको नाम कालोसूचीमा समावेश गर्न समेत कार्वाही अघि बढाइनेछ । यस्ता ऋणीलाई जमानत दिई कर्जा दिन सिफारिस गर्ने जमानतकर्ताले पनि कर्जा तिरोभरो नगरे नगराएमा निजहरूबाट समेत कानुनबमोजिम कर्जा असुलउपर गर्न कार्वाही चलाइने व्यहोरा पनि सुचित गरिन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम, ठेगाना र तीनपुस्ते विवरण | जमानीको नाम, ठेगाना र तीनपुस्ते विवरण |
|---|---|---|
| १ | नाम : जयन्ती मधुकर्मी<br>ठेगाना : भक्तपुर, नगरपालिका ,१४ भक्तपुर<br>पति : केदार श्रेष्ठ<br>बाबु: विजेन्द्र मधुकर्मी<br>ना.प्र.नं : १०५२४, मिति २०५३।०३।१३,<br>जि.प्र.का., भक्तपुर | नाम : कविता थापा<br>ठेगाना : मध्यपुर थिमी<br>नगरपालिका - १६ |
| २ | नाम: धनबहादुर गुरुङ<br>ठेगाना: मकवानपुर ,छतिवन -४<br>पत्नी : भीममाया गुरुङ<br>बाबु: डम्बर बहादुर गुरुङ<br>ना.प्र.नं : १३६०, मिति २०५७।११।१४,<br>जि.प्र.का., मकवानपुर | नाम: चुनराज कर्माचार्य<br>ठेगाना: मध्यपुर थिमी<br>नगरपालिका -१६ |
| ३ | नाम: प्रताप थापा<br>ठेगाना: ललितपुर उपमहानगरपालिका- ५, थसिखेल<br>पत्नी : सुनिताशाह (थापा)<br>बाबु : कमलबहादुर थापा<br>ना.प्र.नं: ३०६७५ ,मिति २०४४।०५।०७,<br>जि.प्र.का., ललितपुर | निज ऋणीले श्रीमती सुनिता शाह ललितपुर उपमहानगरपालिका वडा नं. ५ लाई बाँकी ऋण धन व्यहोर्न लिखित रूपमा हकदार तोकेको । |
| ४ | नाम: लक्ष्मी खत्री<br>ठेगाना: ललितपुर महानगरपालिका- ५, ललितपुर<br>हाल: मोरङ, महादेवा -२<br>पति: कृष्ण कुमार राई<br>बाबु: मोहनबहादुर खत्री<br>ना.प्र.नं: ९६१६३, मिति : २०५५।०६।२८,<br>जि.प्र.का., ललितपुर | नाम : कृष्ण कुमार राई<br>बाबु : जगत बहादुर राई<br>ठेगाना: मोरङ, महादेवा -२<br>ना.प्र.न: ५४७४७<br>मिति २०५७।१०।०३<br>जि.प्र.का., मोरङ |
| ५ | नाम:थिर बहादुर बस्नेत<br>ठेगाना: सोलुखुम्बु सल्यान -७<br>पत्नी: गोकुलकुमारी बस्नेत<br>बाबु: गणेश बहादुर बस्नेत<br>ना.प्र.नं: ९६५/४७४,<br>मिति २०४६।११।११, जि.प्र.का., सोलुखुम्बु | नाम: प्रदिप बस्नेत<br>ठेगाना: सोलुखुम्बु सल्यान -७<br>पत्नी: मेनुका बस्नेत<br>बाबु: हिमबहादुर बस्नेत<br>ना.प्र.नं: ४८१/३१<br>जि.प्र.का., सोलुखुम्बु |
| ६ | नाम : प्रदिप बस्नेत<br>ठेगाना: सोलुखुम्बु सल्यान -७<br>पत्नी: मेनुका बस्नेत<br>बाबु: हिमबहादुर बस्नेत<br>ना.प्र.नं:४८१/३१<br>जि.प्र.का.,सोलुखुम्बु | नाम : थिर बहादुर बस्नेत<br>ठेगाना: सोलुखुम्बु सल्यान -७<br>पत्नी : गोकुलकुमारी बस्नेत<br>बाबु: गणेश बहादुर बस्नेत<br>ना.प्र.नं: ९६५/४७४,<br>मिति २०४६।११।११,<br>जि.प्र.का., सोलुखुम्बु |
| ७ | नाम: आशाबहादुर दुवाल<br>ठेगाना: भक्तपुर नगरपालिका, १७ भक्तपुर<br>पत्नी: भक्तिमाया दुवाल<br>बाबु: पुर्ण कुमार दुवाल<br>ना.प्र .न ४२२, मिति २०३६/०४/१,<br>जि.प्र.का., भक्तपुर | धितोमा रहेको जग्गाको विवरण<br>भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका-१७ (क)<br>कि.नं ३११ को<br>क्षेत्रफल ०-४ -० |
| ८ | नाम:मिनाआले<br>ठेगाना: घुमथाङ्ग-७ सिन्धुपाल्चोक<br>हाल: काठमाडौं महानगरपालिका -३२<br>पति: दलबहादुर आले<br>बाबु: मकरबहादुर मगर<br>ना.प्र.नं २७१०६०/४०३३,<br>मिति २०६४।०१।२६, जि.प्र.का., काठमाडौं | नाम : समिक्षा आले<br>ठेगना : सरस्वतीनगर काठमाडौं<br>नाम : चित्रबहादुर गुरुङ<br>ठेगाना : सरस्वतीनगर काठमाडौं |
| ९ | नाम: सन्तोषी खड्का<br>ठेगाना: सुस्पाक्षमावती-९ दोलखा<br>पति: होमबहादुर खड्का<br>बाबु: यज्ञबहादुर शिवाकोटी<br>ना.प्र.नं २२१०१५,<br>मिति : २०६७।०४।२०, जि.प्र.का. दोलखा | नाम : होमबहादुर खड्का<br>ठेगाना : सुस्पाक्षमावती-९,<br>दोलखा |

# प्रभाव दैनिक

आइतबार २७, जेठ २०८१ (Sunday, June 9, 2024)





## सन्दिपको ‘करोड करोडको माया’ सार्वजनिक

सन्दिप खनालको रचना रहेको गीत ‘करोड करोडको माया’ को म्युजिक भिडियो सार्वजनिक भएको छ । हाइलाइट्स नेपालको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको गीतमा प्रताप दाशको स्वर रहेको छ । म्युजिक भिडियोमा याङजी दोङ तामाङ, सन्दिप र सुनिल खनालले अभिनय गरेका छन् । केशव विश्वकर्माको संगीत रहेको यस गीतको एरेञ्ज विशाल निरौलाले गरेका छन् ।






# ललितकला प्रदर्शनी अवलोकन गर्ने बढ्दै

काठमाडौं (प्रस)- नक्सालमा जारी ‘राष्ट्रिय ललितकला प्रदर्शनी-२०८१’ मा अवलोकनकर्ताको आकर्षण देखिएको छ । शनिबारसम्म करिब २० हजार जनाले प्रदर्शनीको अवलोकन गरेका छन् ।

आयोजक नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले शनिबारसम्म करिब २० हजारले कला प्रदर्शनी अवलोकन गरिसकेका र यो क्रम जारी रहेको जानकारी दिए । उनले प्रदर्शनीमा राजनीतिज्ञ, कलाकार, साहित्यकार, लेखक, वुद्धिजिवी, समाजसेवी, सर्वसाधारण तथा विद्यार्थीहरूले अवलोकन गर्ने क्रम जारी रहेको बताए । हालसम्म ४० भन्दा बढी विद्यालयका विद्यार्थीहरूले कला प्रदर्शनी अवलोकन गरेका उनले बताए । ‘कुनै दिन पाँच/छवटा विद्यालयबाट विद्यार्थी प्रदर्शनी अवलोकनका लागि आउने गरेका छन्, समग्रमा यसपालि विगतका भन्दा बढी रौनक देखिएको छ,’ थुम्केलीले भने ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले यसपटक प्रतिष्ठानले काठमाडौंका दर्जनौं स्कुलमा शिक्षामा सीप कार्यक्रम सञ्चालन गरेकाले विद्यार्थीको आकर्षण थपिएको बताए । ‘यो कला प्रदर्शनीलाई नेपालमा कला क्षेत्रको सबैभन्दा ठूलो उत्सवका रूपमा हेरिने गरिएको छ । ललिलकलाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न मुलुकमै पहिलोपटक प्रादेशिक ललितकला प्रदर्शनी गरी त्यस प्रदर्शनीबाट छनोट भएका उत्कृष्ट कलाकृति यसपालिको राष्ट्रिय ललितकला प्रदर्शनीमा राखिएका छन्, त्यसैले पनि यो महत्त्वपूर्ण छ,’ कुलपति हार्तम्छालीले भने ।

प्रतिष्ठानका उपकुलपति एवं ‘राष्ट्रिय ललितकला प्रदर्शनी-२०८१’ कार्यकारी समितिका संयोजक लालकाजी लामा प्रतिष्ठानको कला प्रवर्द्धनका लागि स्थापनाकालदेखि नै प्रदर्शनी हुँदै आएकामा विद्यार्थीको आकर्षण थपिँदा प्रदर्शनीको औचित्य थप बढेको बताउँछन् ।

‘सामाजिक रूपान्तरण, ललितकलाको अभियान’ भन्ने मूल नाराका साथ यही जेठ १५ गतेबाट प्रदर्शनी सुरु भएको थियो । प्रदर्शनी यो महिनाभर चल्ने छ । प्रदर्शनीमा ४८२ कलाकारका ५२२ कलाकृति राखिएका छन् ।

# आस्मालाई सर्वोत्कृष्ट आधुनिक गायनतर्फको अवार्ड



**काठमाडौं (प्रस)-** गायिका आस्मा विश्वकर्माले राष्ट्रिय ओप्सना म्युजिक अवार्डमा सर्वोत्कृष्ट आधुनिक गायनतर्फको अवार्ड जितेकी छन् ।

आस्माले ‘आँसु’ बोलको आधुनिक गीतबाट अवार्ड हात पारेकी हुन् । उक्त गीतमा राजन कार्कीको शब्द र संगीत रहेको छ । विगत आधा दशकदेखि शास्त्रीय संगीतमा लागेकी आस्माले करिब दुई दर्जन गीतमा आवाज दिइसकेकी छन् ।

# चेपाङको कथामा बन्यो ‘पचेडा’

**काठमाडौं-** मकवानपुरको मनहरी गाउँपालिका-४ स्थित नयाँबस्तीमा बसोबास गर्ने चेपाङ समुदायको कथामा वृतचित्र ‘पचेडा’ तयार गरिएको छ । सांगीतिक श्रव्यदृश्य (म्युजिक भिडियो) निर्देशनमा सक्रिय रहेका दीपेन्द्र केसीले सो बस्तीमा बसोबास गर्ने सन्तलाल चेपाङको जीवनीमा आधारित रहेर उक्त वृतचित्रमा तयार गरेका हुन् ।

वृतचित्रको श्रव्यदृश्य सार्वजनिक गर्दै निर्देशक केसीले एक परिवारको भोगाइ र जीविकोपार्जनका लागि गरिएको संघर्षलाई प्रस्तुत गरिएको बताए । ‘हामीले नजरअन्दाज गरेको कथालाई वृतचित्रको माध्यमबाट आममानिससम्म ल्याउँदै छु,’ उनले भने, ‘चेपाङका बारेमा कमै कथाहरू भेटेपछि यसमै वृतचित्र बनाउने निर्णय लिएर काम सुरु गरेँ ।’

वृतचित्र तयार गर्दा उक्त परिवारको जीवनीसँग साक्षात्कार गर्ने मौका पनि पाएको उनले बताए । ‘उनीहरूको पीडालाई नजिकबाट बुझ्न पाएँ । मेरो उद्देश्य नै उनीहरूको जीवन र समुदायका कथा र पीडा आममानिस माझ ल्याउनु हो,’ निर्देशक केसीले भने ।

निर्देशक केसीले वृतचित्रमा ‘चेपाङ जंगलमै किन बसिरहेका छन् ?,’ ‘उनीहरू किन अवसरका लागि सहर पस्दैनन् ?’ भन्ने प्रश्नको जवाफ खोजिएको बताए । उक्त वृतचित्रलाई सोही चेपाङ बस्तीसँगै विदेशमा प्रदर्शनी गर्ने तयारी भइरहेको उनले जानकारी दिए । *रासस*


## इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.

**भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-२ लोकन्थली**

**सदस्य एवम् ऋणी ललिताकुमारी पोखरेल उपाध्यायको नामको धितोमा रहेको सम्पत्ति डाँक बढाबढ लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८१/०२/२७ गते, आइतबार)

यस संस्थाका सदस्य एवं ऋणी श्री ललिताकुमारी पोखरेल उपाध्यायले संस्थाबाट लिएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क आदि रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको लिखत र शर्त बन्देज उल्लङ्घन गरेकोमा संस्थाबाट पटक-पटक लिखित तथा मौखिक सूचना गरी तरताकेता गर्दा संस्थामा उपस्थित भई रकम तिर्ने भनी भाखा मागी निवेदन गरे तापनि सो बमोजिम रकम दाखिला नगरेकाले सहकारी ऐन २०७४ को दफा ७९ तथा सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड (क) अनुसार मिति २०७९/०१/२४ मा कारोबार राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी ३५ (पैंतिस) दिनभित्र संस्थालाई बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी सूचित गर्दा समेत संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क आदि रकम दाखिला नगरेकोले सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड (ख) र (घ) अनुसार ऋणी श्री ललिताकुमारी पोखरेल उपाध्यायका नाममा रहेको तल उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गर्ने सम्बन्धमा यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्तानुसार धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको अवस्थामा सो हदसम्मको रकम कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघराना तथा अन्य श्री सम्पत्तिबाट असुलउपर गर्न आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**डाँक बढाबढ लिलाम बिक्री गरिने जग्गाको विवरण :** ऋणी ललिताकुमारी पोखरेल उपाध्यायको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको श्रेस्तानुसार नंखेल गा.वि.स. वडा नं. २(ख) कि.नं. ९९३ (नौ सय त्रियानब्बे) क्षेत्रफल ०-१-१-० (एकआना एक पैसा)/(३९.७४ उनान्चालिस दशमलव चौहत्तर वर्ग मिटर) र नंखेल गा.वि.स. वडा नं. २ (ख) कि.नं.९९१ (नौ सय एकानब्बे) क्षेत्रफल ०-३-२-२ (तीन आना दुई पैसा दुई दाम)/(११५.२५ एक सय पन्ध्र दशमलव पच्चिस) वर्गमीटर जग्गाकित्ता-२

ऋणी श्री ललिताकुमारी पोखरेल उपाध्यायले संस्थामा बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क समेत जम्मा रकम : रु.३७,४९०६२।- (अक्षेरुपि सैतिस लाख उनन्चास हजार बैसट्ठी रूपैया)

**डाँक बढाबढ लिलाम बिक्रीका शर्तहरू :**

१. सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड(च) बमोजिम डाँक बढाबढ लिलाम बिक्री गरिने सम्पत्तिको चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ शुरु गरिनेछ ।
२. डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी कबोल गर्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ ।
३. डाँक बढाबढका क्रममा सबैभन्दा बढी कबोल गरी लिलाम बिक्री स्वीकृत गरिएको व्यक्तिले आफूले बोलेको रकमको १० (दश) प्रतिशत रकम नगदै तुरुन्त संस्थामा बुझाउनु पर्नेछ ।
४. जग्गा नामसारी रजिष्ट्रेशन गर्दा लाग्ने सम्पूर्ण दस्तुर लिलाम सकार गर्ने व्यक्तिले नै बुझाउनु पर्नेछ ।
५. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चित भई जग्गा नामसारी गरी लिन सूचना बुझेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई नामसारी गरी लिनु पर्नेछ । सो अनुसार नभएमा धरौटी वापत राखेको १० (दश) प्रतिशत रकम स्वतः जफत हुनेछ ।
६. लिलाम बिक्री हुने जग्गाको कागजात हेर्न चाहनेले संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
७. उल्लेखित धितो सुरक्षण स्वरूप रहेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी नियावली, २०७५ को नियम ३५ बमोजिम उक्त सम्पत्तिको स्वामित्व संस्थाले नै लिन सक्नेछ ।
८. बढाबढ लिलाम बिक्री गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिको डाक स्वीकृत/अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।
९. यसमा उल्लेखित शर्त वाहेकको हकमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**डाँक बढाबढ गरिने स्थान, मिति र समय :**

स्थान : भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-२ लोकन्थली स्थित संस्थाको कार्यालय प्राङ्गण
मिति : २०८१।०३।३० गते आइतबार (सो दिन सार्वजनिकविदा पर्न गएमा सोको भोलिपल्ट)
समय : विहान १०:०० बजेदेखि दिनको ४:०० बजे सम्म


## रंगशाला

# खेल पूर्वाधारसम्बन्धी प्रदेश र स्थानीय तहको बजेट कटौती



**काठमाडौं (प्रस)-** युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बीच बजेट निर्माणमा आवश्यक सहयोग तथा समन्वय नहुँदा खेलकुद पूर्वाधार निर्माणका लागि प्रदेश र स्थानीय तहमा जाने ससर्त अनुदान गुम्न पुगेको छ ।

अर्थ मन्त्रालयद्वारा तोकिएको समयसीमाभित्र योजना छनोट गरी पठाउनुपर्नेमा मन्त्रालय र परिषद्बीचको द्वन्द्वका कारण ती कार्यक्रम प्रभावित भएका हुन् । प्रदेश र स्थानीय तहको खेल पूर्वाधार निर्माणसम्बन्धी ससर्त अनुदान प्रस्ताव गरी अर्थ मन्त्रालय पठाइएकामा बजेट वक्तव्यपछि प्राप्त सूचनामा त्यस शीर्षकमा अनुदान रकम शून्य रहेको भनी लेखीआएको युवा तथा खेलकुद मन्त्रालयका प्रवक्ता शिवप्रसाद रेग्मीले जानकारी दिए ।

मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि खेलकुद पूर्वाधार निर्माण गर्न स्थानीय तहलाई ६१ करोड र प्रदेशलाई ५० करोड रूपैयाँ बजेट माग गर्ने निर्णय गरेको थियो । प्रवक्ता रेग्मीले भने, ‘प्रदेशगतरूपमा राष्ट्रिय खेलकुद प्रतियोगिता हुने भएकाले अहिले नै क्रमिकरूपमा खेल पूर्वाधारमा लगानी नगर्ने हो भनेपछि एकै पटक गर्न खोज्दा हतारो हुन्छ । गुणस्तर गुम्न सक्छ ।’

नेपाल सरकारको प्रदेश-स्थानीय तह समन्वय परिषद्को सुझाव साना योजना प्रदेश र स्थानीय तहले आफैं छनोट गरुन् भनी खेल पूर्वाधार निर्माण गर्न विगतको जस्तै यसपटक पनि मन्त्रालयले बजेटका लागि योजनासहित प्रस्ताव गरेको थियो । ‘एक पालिका, एक खेलकुद’को अवधारणाअनुसार विगत तीन आवदेखि उक्त कार्यक्रमका लागि बजेट विनियोजन हुँदै आएको थियो । थोरै बजेट आउने गरेकाले त्यो कार्यक्रम सबै पालिकामा पुग्न सकेको थिएन । उक्त बजेटबाट ७५३ स्थानीय तहमध्ये विगतमा नसमेटिएका ४०० पालिकालाई सहयोग गर्ने मन्त्रालयको योजना थियो ।

मन्त्रालय र परिषद्बीचको द्वन्द्वले मन्त्रालयगत बजेट प्रविष्ट प्रणालीमा योजना समावेश गर्न ढिलाइ हुँदा त्यो कार्यक्रम प्रभावित भएको हो । मन्त्रालयले यसपटक स्थानीय तहलाई आफैं योजना तोक्न दिने र त्यसका लागि कम्तीमा १२ लाख ५० हजार रूपैयाँभन्दा बढी उपलब्ध गराउने निर्णय गरेको थियो ।

मन्त्रालयका योजना शाखा प्रमुख डा. गणेशमान गुरुङ भन्छन्, ‘यसपटक त्यो रकम प्राप्त भए खेलकुद पूर्वाधारका लागि ससर्त अनुदान नपाउने कुनै स्थानीय तह हुन्थेनन् ।’

# राष्ट्रिय फुटबल खेलाडी प्रिती सम्मानित



**सुनसरी (प्रस)-** धरान उपमहानगरपालिका-१७ साकेला उद्यान (पार्क)मा शनिबार सम्पन्न भएको उभौली साकेलाका अवसरमा राष्ट्रिय महिला फुटबल खेलाडी प्रिती राईलाई नगदसहित सम्मान गरिएको छ ।

किरात राई यायोक्खा सुनसरीले आयोजना गरेको उभौली साकेलाका अवसरमा एक लाख पाँच हजार ८४ रूपैयाँ र सम्मानपत्रसहित उनलाई सम्मान गरिएको हो । यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राई, धरान उपमहानगरपालिका प्रमुख हर्क साम्पाङ, पूर्वप्रमुख तिलक राईले दोसल्ला ओढाएर नगदसहित राईलाई सम्मान गरेका थिए ।

प्रिती १६ वर्षको उमेरमै पहिलोपटक नेपाली राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी खेलाडी हुन् । प्रिती राष्ट्रिय महिला फुटबल टिमकी उदीयमान र कान्छी खेलाडी भनेर पनि चिनिन्छिन् । नेपाल यु-१५ र यु-१६ टोलीको कप्तानसमेत रहेकी प्रिती दोस्रो अवसरमा राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी थिइन् । उभौली साकेलाको अवसरमा राष्ट्रिय एथलेटिक्स प्रशिक्षक पार्वती राई पनि सम्मानित भएका छन् ।


## रोमानियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : INTERNATIONAL WORK FINDER**

पूर्व स्वीकृति मिति २०७९/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/२५ | LT. No. :280599 | चलानी नं.६०१९६४१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 8 | 0 | 650 | ८६,०३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 10 | 0 | 650 | ८६,०३० | | | | | | | |
| 3 | Mason | 10 | 0 | 650 | ८६,०३० | | | | | | | |
| 4 | Factory Worker | 1 | 0 | 550 | ७२,७२५ | | | | | | | |
| 5 | General Worker | 0 | 4 | 650 | ८६,०३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २ गते (16th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Balaha Overseas Pvt. Ltd.** Govt. License 1534/078/079

Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-5910171, E-mail: info@balahaoverseas.com



ताइवानको ताइपेईमा शनिबार परम्परागत चिनियाँ ड्रागन डुंगा दौडमा सहभागी डुगा चालकहरू । इसा पूर्व २७७ मा डुबेका एक प्राचीन चिनियाँ विद्वान–राष्ट्रपति चू युआनको सम्झनामा ड्रागन डुंगा दौड आयोजना गरिँदै आएको छ । *तस्बिरः एपी*

# ‘इजरायललाई लज्जास्पद कालोसूचीमा राख्ने राष्ट्रसंघको निर्णय भ्रमपूर्ण’

**तेलअविव (इजरायल)–** सशस्त्र द्वन्द्वमा बालबालिकाको अधिकार उल्लंघन गरेको भन्दै संयुक्त राष्ट्रसंघले इजरायल र अतिवादी समूह हमासलाई आफ्नो ‘लज्जास्पद कालोसूचीमा’ राखेको द टाइम्स अफ इजरायलले जनाएको छ । यो सूची संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनसँग जोडिएको छ ।

रूस, इस्लामिक स्टेट, अल–कायदा, बोको हराम, अफगानिस्तान, इराक, म्यानमा, सोमालिया, यमन र सिरियाको यो सूचीमा इजरायल र हमासलाई पहिलोपटक समावेश गरिएको छ । यो सूचीमा समावेश हुने इजरायल पहिलो लोकतान्त्रिक देश भएको द टाइम्स अफ इजरायलले जनाएको छ ।

अघिल्लो वार्षिक प्रतिवेदनमा इजरायली-प्यालेस्टिनी द्वन्द्वका अध्याय समावेश थिए जसले इजरायललाई बालबालिकाविरुद्ध गम्भीर अधिकार उल्लंघनको आरोप लगाएको थियो । संयुक्त राष्ट्रको



प्रतिवेदनपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले संयुक्त राष्ट्रको निर्णयलाई भ्रमपूर्ण रहेको बताएका छन् । संयुक्त राष्ट्रका लागि इजरायली मिसनले राष्ट्रसंघका लागि इजरायलका स्थायी प्रतिनिधि गिलाड एर्डानले शुक्रबार गुटेरेसका चिफ अफ स्टाफबाट औपचारिक सूचना प्राप्त गरेका हुन् ।

गिलाड एर्डानले इजरायली सेना विश्वको सबैभन्दा नैतिक सेना भएको कुरामा जोड दिँदै यो ‘अनैतिक निर्णय’ले हमासलाई प्रोत्साहित गर्ने बताए । ‘राष्ट्रसंघको यो निर्णयले हमासलाई थप प्रोत्साहित गर्ने र युद्ध विस्तार गर्न उत्प्रेरित गर्ने छ,’ एर्दानले थप बताए ।

हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायल-हमास युद्धमा लगभग आठ हजार बालबालिकाको ज्यान गएको द टाइम्स अफ इजरायलले जनाएको छ । तथापि, यो संख्यालाई गत महिना रातारात लगभग छ हजार ५०० मा घटाइएको थियो । बालबालिका र सशस्त्र द्वन्द्वमा संयुक्त राष्ट्रको रिपोर्टमा पनि प्रयोग गरिएको यो संख्याले हमास अधिकारीबाट प्राप्त तथ्यांकको सत्यता बारेमा थप प्रश्न निम्त्याएको थियो । *रासस ⁄ एएनआई*

# चीन र पाकिस्तानीबीच सिपेक स्तरोन्नतिको सहमति



**इस्लामाबाद (पाकिस्तान)–** चिनियाँ राष्ट्रपति सी चिनफिङ र पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले चीन-पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक)को स्तरोन्नति गर्न सहमति भएको छ । आमचुनावपछि पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफ र उनको प्रतिनिधिमण्डल चीनको पाँच दिने भ्रमणमा रहेको अवस्थामा यस्तो सहमति भएको हो ।

दुई नेताले सिपेकको स्तरोन्नति र मेगा परियोजनाको विकासलाई दोस्रो चरणमा अगाडि बढाउन सहमति जनाएका छन् । पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सिपेकको दोस्रो चरणको उद्घाटन गर्ने सम्भावना रहेको जनाइएको छ ।

यद्यपि यो यात्राले सामान्यतया जुनको पहिलो हप्तामा प्रस्तुत हुने वार्षिक संघीय बजेटमा ढिलाइ निम्त्याएको छ भने सरकारको अस्थायी योजनाअनुसार जुन-१२ मा प्रस्तुत हुने अपेक्षा गरिएको छ । पाकिस्तानी प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सीलाई आर्थिक सुधार, दिगो विकास, औद्योगिक विकास, कृषि आधुनिकीकरण, क्षेत्रीय सम्पर्क र देशको विकासमा सिपेकले खेलेको महत्त्वपूर्ण भूमिकाका लागि पाकिस्तानको नीतिबारे जानकारी गराए ।

उनले सिपेकको उच्च गुणस्तरिय विकास र घनिष्ठ समन्वयको माध्यमबाट दुई देशको विकास रणनीतिबीच तालमेललाई बढावा दिन पाकिस्तानको प्रतिबद्धतालाई जोड दिए । प्रधानमन्त्री शाहबाजको राष्ट्रपति सीसँग पदभार सम्हालेपछि भएको यो पहिलो भेट भएको थियो । प्रधानमन्त्री कार्यालयबाट जारी विज्ञप्तिका अनुसार यो भेट दुई देशबिचको घनिष्ठ मित्रता र रणनीतिक सम्बन्धको परम्परागत न्यानो प्रतिबिम्बद्वारा उजागर गरिएको थियो ।

पाकिस्तानी प्रधानमन्त्री सरिफले राष्ट्रपति सीको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) र ग्लोबल डेभलपमेन्ट इनिसिएटिभको प्रशंसा गर्दै बिआरआईको प्रमुख परियोजनाका रूपमा सिपेकले पाकिस्तानको सामाजिक-आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको कुरामा जोड दिए ।

यसैबीच, चिनियाँ नेताले पाकिस्तानमा चिनियाँ परियोजनाको सुरक्षा सुनिश्चित गर्न प्रयास बढाउन शाहबाज सरिफलाई पनि आह्वान गरे । *रासस ⁄ एएनआई*

# राहुल गान्धी भारतको विपक्षी दलका नेता नियुक्त

**नयाँदिल्ली (भारत)–** प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख प्रतिद्वन्द्वी राहुल गान्धीलाई शनिबार संसद्मा भारतको विपक्षीको नेतृत्व गर्न मनोनयन गरिएको छ । मोदीले पछिल्लो समय आमचुनाव जितेपछि तेस्रो कार्यकालका लागि शपथ लिँदै छन् ।

गान्धीको पार्टीले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)लाई बहुमतबाट वञ्चित गरेको थियो, जसले भाजपालाई शासन गर्न गठबन्धन सहयोगीमा भर पर्न बाध्य तुल्यायो । गान्धीले विश्लेषकको अपेक्षा र एक्जिट पोललाई बेवास्ता गर्दै आफ्नो पार्टी (कंग्रेस)लाई संसदीय संख्या लगभग दोब्बर बनाउन मद्दत गर्दै गर्दाको प्रयासमा एक दशकअघिदेखि मोदी सत्तामा आएपछि सबैभन्दा राम्रो परिणाम हो ।

शनिबार कंग्रेस नेतृत्वको बैठकमा गान्धीलाई भारतको आधिकारिक विपक्षी नेताको रूपमा चयनका लागि सिफारिस गर्न सर्वसम्मतिले मतदान भएको थियो । यो पद सन् २०१४ देखि खाली रहेको



थियो । सबै सहभागीले सर्वसम्मतिले प्रस्ताव पारित गरी राहुल गान्धीले संसद्मा विपक्षको नेताको पद लिनुपर्ने र केसी वेणुगोपालले पार्टी कार्यकारिणीको बैठकपछि पत्रकार सम्मेलनमा बताए । शनिबारपछि कांग्रेस नेतृत्वको विपक्षी गठबन्धनका २३२ विधायकको बैठकमा नामांकन पेस गरिने छ । *रासस ⁄ एएफपी*


# भारतको खाद्य प्रशोधन कारखानामा आगलागी, तीन जनाको मृत्यु

**नयाँदिल्ली (भारत)–** उत्तरी दिल्लीको नरेला औद्योगिक क्षेत्रमा रहेको खाद्य प्रशोधन कारखानामा शनिबार बिहान आगलागी हुँदा तीन जनाको मृत्यु हुनुका साथै छ जना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ ।

प्रहरीलाई घटनाको बारेमा पिसिआर कलबाट सूचना प्राप्त भएपछि प्रहरी कर्मचारीहरू फूड्स लिमिटेडमा पुग्दा आगो लागिरहेको प्रहरीले जनाएको छ । घटना हुँदा नौ जना कारखानाभित्र रहेका जनाइएको छ । उनीहरूको उद्धारपछि तत्कालै नरेलाको एसएचआरसी अस्पतालमा लगिएकोमा घाइतेमध्ये तीन जनालाई अस्पतालले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ग्यास बर्नरमा कच्चा मुग भर्ने क्रममा ग्यासको एउटा पाइपलाइनमा ग्यास चुहिएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ । आगो फैलिँदा कम्प्रेसर अत्यधिक तताएको परिणामस्वरूप विष्फोट भएको थियो । मृत्यु हुनेहरूमा श्याम, राम सिंह र बीरपा रहेको पुष्टि भएको छ । *रासस ⁄ एएनआई*

# अपोलो–८ अन्तरिक्षयात्री एन्डर्सको विमान दुर्घटनामा मृत्यु



**वासिङ्टन डिसी–** ५५ वर्षअघि अन्तरिक्षबाट ऐतिहासिक ‘अर्थराइज’ फोटो खिच्ने पूर्वअमेरिकी अन्तरिक्षयात्री विलियम एन्डर्सको शुक्रबार ९० वर्षको उमेरमा विमान दुर्घटनामा मृत्यु भएको उनको परिवारले जनाएको छ । एन्डर्स सानो विमान उडाउँदै गर्दा शुक्रबार बिहान वासिङ्टन राज्यको तटमा दुर्घटनाग्रस्त भएको उनको छोराले अमेरिकी मिडियालाई बताए । विमानमा एन्डर्स एक्लै थिए ।

शेरिफ एरिक पिटरले दुर्घटना क्षेत्रमा खोजी भइरहेको तर अहिलेसम्म शव फेला नपरेको बताए । डिसेम्बर १९६८ मा अपोलो–८ मिसनको सदस्य, एन्डर्स उनका समकक्षी फ्रान्क बोर्मन र जेम्स लभेलसँगै चन्द्रमामा पुग्ने पहिलो व्यक्तिमध्ये एक थिए ।

चन्द्रमाको एउटा कक्षबाट, एन्डर्सले अन्तरिक्षको विशाल अन्धकारको विरूद्ध चम्किलो निलो पृथ्वीको फोटो खिचेका थिए । ‘अर्थराइज’ नामक उक्त तस्बिर प्रमुख ऐतिहासिक छविहरूको राउन्डअपमा सूचीबद्ध गरिएको छ, र लाइफ म्यागजिनको पुस्तक ‘संसार बदलेको १०० तस्बिर’को सूचीमा समावेश गरिएको थियो । ‘सन् १९६८ मा अपोलो–८ को समयमा बिल एन्डर्सले मानवतालाई अन्तरिक्षयात्रीले दिनसक्ने सबैभन्दा ठूलो उपहार प्रदान गरेका थिए,’ नासाका प्रमुख बिल नेल्सनले सामाजिक सञ्जाल एक्समार्फत बताए ।

सन् १९३३, अक्टोबर १७ मा हङकङमा जन्मिएको एन्डर्सले अन्तरिक्षयात्रीको रूपमा आफ्नो समयपछि विभिन्न प्रविधि-सम्बन्धित सरकारी पद सम्हाले । उनी विशेषगरी आणविक नियामक आयोगको पहिलो अध्यक्ष बने र त्यसपछि नर्वेका लागि अमेरिकी राजदूतको रूपमा पनि सेवा गरेका थिए । *रासस ⁄ एएफपी*

# ‘साहेलका तीन करोड ८० लाख मानिसलाई सुरक्षा आवश्यक छ’

**राष्ट्रसंघ–** जटिल संकटको सामना गर्दै, सेनेगलदेखि इरिट्रियासम्म फैलिएको अफ्रिकाको साहेल क्षेत्रका तीन करोड ८० लाख मानिसलाई जीवन रक्षार्थ सहायता र सुरक्षा आवश्यक रहेको संयुक्त राष्ट्रसंघका मानवीय सहायताकर्मीहरूले बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसंघको कार्यालय (ओसिएचए) ले सन् २०२४ मा साहेलका लागि मानवीय आवश्यकता अवलोकनमा चेतावनी दिँदै मानवीय संकटको प्रकृति, यस क्षेत्रका लागि मानवतावादीको प्रतिक्रियाको आधारमा प्रकाश पार्दै चेतावनी दिएको छ ।

रिपोर्टमा चिन्ताजनक क्षेत्रमा लिप्टाको गौरमा क्षेत्र (बुर्किना फासो, माली, नाइजरलाई समेट्ने) र ताल चाड बेसिन (क्यामरुन, चाड, नाइजर र नाइजेरियासहित) गिनीको तटीय देशका खाडी र मौरितानियामा बढ्दो प्रभावहरू महसुस गरिएको छ ।

साहेलमा बढ्दो हिंसा र द्वन्द्वले जीविकोपार्जन खतरामा पारी परिवारलाई आफ्नो घर छोड्न बाध्य पारी आधारभूत सामाजिक सेवाहरूमा पहुँच रोक्ने चेतावनी जारी गरिएको छ । ओसिएचका अनुसार जहाँ २.२ मिलियन बालबालिका विद्यालय बन्द भएकाले शिक्षाको अधिकारबाट वञ्चित छन् भने एक हजार ३०० स्वास्थ्य केन्द्र बन्द छन् ।

यस क्षेत्रमा २० लाख शरणार्थी तथा ५.६ मिलियन आन्तरिक विस्थापित व्यक्तिहरू छन्, जसमध्ये धेरैले कठिन जीवनयापन गरिरहेका छन् । जुनदेखि अगस्टको मौसममा १६.७ मिलियन मानिसहरूले आफ्नो पेट भर्न संघर्ष गरिरहेको ओसिएइचएले जनाएको छ ।

बुर्किना फासो, क्यामरुनको सुदूर उत्तरी क्षेत्र, चाड, माली, नाइजर, नाइजेरियाको अदामावा, बोर्नो र योबे राज्यका २१ मिलियन मानिसको सहयोगका लागि राष्ट्रसंघ र साझेदारलाई यस वर्ष ४.७ बिलियन अमेरिकी डलर चाहिनेमा हालसम्म कोषको १६ मात्रै प्राप्त भइसकेको छ । *रासस ⁄ सिन्ह्वा*

# युक्रेनलाई सघाउने अमेरिकी राष्ट्रपतिको प्रतिबद्धता

**वासिङ्टन डिसी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीसँग नयाँ सैन्य सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

राष्ट्रपति जेलेन्स्कीसँग शनिबार भएको द्विपक्षीय बैठकमा युक्रेनका लागि नयाँ सहायता प्याकेजको घोषणा गर्दै त्यसलाई यथाशक्य चाँडो उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

‘हामी हार नमानी उल्लेखनीय रूपमा निरन्तर लडिरहेको युक्रेनको साथमा छौं,’ बाइडेनले युक्रेनी राष्ट्रपतिलाई भने । अमेरिकी राष्ट्रपतिले आफूले पारित गर्नुपर्ने विधेयक प्राप्त गर्नमा



समस्या सामना गरिरहेको कुरामा जोड दिए । ‘सहायताको सन्दर्भमा के पारित हुन गइरहेको छ भन्ने थाहा नदिएकोमा म क्षमाप्राथी छु, हाम्रा केही रूढीवादी सदस्यबाट पारित गर्नुपर्ने विधेयक प्राप्त गर्न गाह्रो भइरहेको थियो,’ उनले भने ।

बाइडेनले शुक्रबारको सहायतासम्बन्धी घोषणाका साथ युक्रेनलाई थप सहायताबारे पनि घोषणा गरेका सिएनएनले जनाएको छ । ‘अप्रिलमा सम्झौता भएदेखि मैले महत्त्वपूर्ण सहायता कोषका छ वटा प्याकेज घोषणा गरेको छु । आज म विद्युतीय ग्रिडको पुनर्निर्माण गर्न मद्दत गर्न २२ करोड ५० लाख अमेरिकी डलरको अतिरिक्त प्याकेजमा पनि हस्ताक्षर गर्दै छु,’ अमेरिकी राष्ट्रपति बाइडेनले भने ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले खुला र समावेशी संवादको आवश्यकतामाथि जोड दिँदै उनले विश्व एकताबद्ध हुन र ‘पूर्ण सद्भाव’मा काम गर्न सक्षम हुनुपर्ने बताए । *रासस ⁄ एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४५००० | प्रति तोला - १४४३०० | प्रति तोला - १९०० |



**मल्चिङ प्रविधिबाट गोलभेँडा खेती** | गुल्मीको छत्रकोट गाउँपालिका-१ हुँगामा युवा कृषक भुवन खरालले गोलभँडा खेतीका लागि निर्माण गरेको मल्चिङ प्रविधि । उनले मल्चिङ प्रविधिबाट १०४ रोपनी जमिनमा बेमौसमी गोलभँडा खेती गर्न सुरू गरेका छन् । *तस्बिर: जनार्दन घिमिरे/रासस*

# राष्ट्रिय सडक सञ्जालसँग अझै जोडिएन सिमकोट

**सिमकोट (हुम्ला)-** जिल्ला सदरमुकाम सिमकोट राष्ट्रिय सडक सञ्जालसँग अहिलेसम्म पनि जोडिन सकेको छैन । कर्णाली करिडोरअन्तर्गत सडक निर्माण सम्पन्न भए पनि खार्पुनाथ गाउँपालिकास्थित दोजाम कर्णाली नदीमाथि पुल नहुँदा सिमकोट राष्ट्रिय सडक सञ्जालसँग जोडिन नसकेको हो ।

जिल्लालाई पूर्णरूपमा राष्ट्रिय सडक सञ्जालसँग जोड्न दोजाम कर्णालीमाथि पक्की पुल निर्माण गर्न आवश्यक देखिन्छ । सरकारले चालु आर्थिक वर्षभित्र सिमकोटलाई सडक सञ्जालसँग जोड्ने लक्ष्यसहित बजेट विनियोजन गरेको थियो ।

पुल निर्माणले गति लिन नसक्दा चालु आवमा पनि हुम्लामा सडक सञ्जाल विस्तार नहुने पक्का भएको हिल्सा सिमकोट सडक आयोजनाका योजना प्रमुख बेलबहादुर नेपालीले बताए । चालु आव सकिना एक महिना केही दिन मात्र बाँकी रहेको अवस्थामा पुल निर्माण सम्पन्न नहुने उनले बताए ।

> 'राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको मुलुकको एकमात्र जिल्ला हुम्ला हो । सरकारले हरेक वर्ष सदरमुकाम सिमकोटलाई सडक सञ्जालसँग जोड्न बजेट विनियोजन गर्दै आएको छ ।

'राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको मुलुकको एकमात्र जिल्ला हुम्ला हो । सरकारले हरेक वर्ष सदरमुकाम सिमकोटलाई सडक सञ्जालसँग जोड्न बजेट विनियोजन गर्दै आएको छ,' नेपालीले भने, 'पक्की पुल निर्माण सुरु भएको एक वर्ष हुँदा पनि निर्माण कम्पनीले ढिलाइ गरेकाले काम रोकिएको छ ।'

खार्पुनाथ गाउँपालिका राष्ट्रिय सडक सञ्जालसँग जोडिएको भए पनि गाउँपालिकाको खार्पुमा पर्ने दोजाम कर्णाली नदीमा पुल निर्माण नहुँदा आवागमनमा सास्ती हुनुका साथै जिल्ला राष्ट्रिय सडक सञ्जालबाट अलग हुँदै आएको उनले बताए । 'निर्माण सुरु भएयता पुलको पूर्वतर्फको पिलर निर्माणस्थलमा तातोपानीको मुहान निस्किएको छ । गत साउनमा नदीको पानी उक्त पिलरमा पस्दा करिब आठ महिना काम रोकिएको थियो । अहिले पनि तातोपानी निस्किएको स्थानमा पुल निर्माण गर्ने वा नगर्ने निश्चित भएको छैन,' योजना प्रमुख नेपालीले भने, 'सरोकार भएका निकायसँग छलफल गरिरहेका छौं । निर्माण कम्पनीले पनि समन्वय गरिरहेको छ । तर ठोस निर्णय नहुँदा पक्की पुल निर्माण अनिश्चित भएको छ ।' पुल निर्माण गर्ने निर्णय गरी काम अगाडि बढाएको अवस्थामा कम्तीमा चार वर्ष समयावधि लाग्ने उनले जानकारी दिए ।

दोजाम कर्णालीमा पक्की पुल निर्माण ढिलाइ भएको भन्दै तत्कालका लागि सोही स्थानमा अस्थायी बेलिब्रिज बनाउनुपर्ने स्थानीयले माग गर्दै आएका छन् । अस्थायी बेलिब्रिज निर्माण गरी तत्काललाई आवागमन सहज बनाउनुपर्ने माग स्थानीयको छ । *रासस*

# 'गणतन्त्रपछि मुलुकमा केही भएन भन्ने नकारात्मक भाष्य चिर्दै छौं'

■ प्रभाव संवाददाता



**काठमाडौं-** अर्थमन्त्री वर्षमान पुनले वर्तमान सरकार जनताको जीवनस्तर बदल्दै आर्थिक समृद्धिको यात्रामा अघि बढिरहेको बताएका छन् । नेकपा माओवादी केन्द्र समर्थित रिटर्नी सेन्टर नेपालको प्रथम स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उनले सरकार मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा केन्द्रित भएको बताए ।

मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि विभिन्न क्षेत्रमा आधारभूत उपलब्धि हासिल भएको जनाउँदै उनले अब ती उपलब्धिको गुणात्मक विकास गरिने बताए । गणतन्त्रपछि मुलुकमा केही भएन भन्ने नकारात्मक भाष्य चिर्दै सरकार अघि बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले भने, 'बजेटमार्फत जनतामा आशा जगाउँदै देशभित्र वा बाहिर जहाँ भए पनि राष्ट्र निर्माण योगदान दिन सक्छौं भन्ने सोच विकास गर्न खोजिएको छ ।'

आगामी आर्थिक वर्षमा एक लाख रिटर्नीलाई पुनःस्थापना गर्ने योजना अघि सारिएको जानकारी दिँदै उनले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीलाई स्वदेशमै प्रयोग गर्ने वातावरण बनाइएको बताए । मन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटमा कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता प्रवर्द्धनलाई प्रमुख पाँच रूपान्तरणकारी क्षेत्र घोषणा गरी विशेष योजना अघि सारिएको बताए ।

'कृषिको रूपान्तरणलाई पहिलो प्राथमिकता दिइएको छ । विद्युत् उत्पादन गरी आन्तरिक खपत बढाउने तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने योजना राखिएको छ,' उनले भने, 'विदेशी पर्यटक भित्र्याएर आर्थिक समृद्धिमा फड्को मार्न सकिन्छ ।' आगामी दशकलाई सूचना प्रविधि दशक घोषणा गरिएको जानकारी दिँदै मन्त्री पुनले १० वर्षमा ३० खर्ब रूपैयाँको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र १५ लाख रोजगारी सिर्जना गरिने दाबी गरे ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले वैदेशिक रोजगारबाट फर्केका युवालाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले आगामी आर्थिक वर्षको बजेटमा समेटिएका विभिन्न कार्यक्रमबाट लाभ लिन आग्रह गरे । परिषद्ले रिटर्नी युवालाई लक्षित गरी उद्यमशीलतासम्बन्धी तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी दिए ।

सेन्टरका अध्यक्ष देवेन्द्र सम्बाहाम्फेले वैदेशिक रोजगारबाट श्रम, सीप र पुँजीसहित स्वदेश फर्केका युवालाई एकताबद्ध गर्दै स्वदेशमै उद्यमशीलता विकासमा सहयोग गरिने प्रतिबद्धता व्यक्त गरे । उनले रिटर्नी युवालाई स्वदेशमै काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिँदै सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

रिटर्नी माइग्रेन्ट नेपालका महासचिव कृष्णप्रसाद न्यौपानेले विदेशबाट फर्केका युवाको श्रम, सीप र पुँजीको सदुपयोग गर्ने वातावरण बनाइनुपर्नेमा जोड दिँदै वैदेशिक रोजगारबाट स्वदेश फर्केका सम्पूर्ण युवा एकजुट हुनुपर्ने बताए । नेपाल रिटर्नी एसोसियसन समाजवादीका अध्यक्ष प्रवीण पौडेलले मुलुकको राष्ट्रिय अर्थतन्त्रको विकासमा आप्रवासी कामदारले पठाएको विप्रेषणको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउने नीति ल्याउन आग्रह गरे ।

# झण्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने पूर्वाधार तयार

**काठमाडौं-** झण्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने क्षमता भएको ४०० केभी क्षमताको हेटौंडा सबस्टेसन निर्माण सम्पन्न भएको छ । देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण तथा विस्तारका लागि मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा सो सवस्टेसन निर्माण भएको हो ।

ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो ४०० केभी हेटौंडा सबस्टेसन निर्माण सम्पन्न गरी शुक्रबार साँझदेखि सञ्चालन (चार्ज)मा ल्याइएको छ । यसैगरी, नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभञ्याङमा नै २२० र १३२/११ केभी क्षमताका सबस्टेसन निर्माण सम्पन्न गरी शुक्रबार नै चार्ज गरिएको छ ।



मुलुकभित्रको पूर्व-पश्चिम विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र भारतसँगको विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर मुलुककै पहिलो, इनरुवा दोस्रो र हेटौंडा तेस्रो ठूलो सबस्टेसन हो । हेटौंडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार संरचना तयार भएको छ । हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारणलाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम पनि चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिकरूपमा विद्युत् आपूर्ति थप सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुने छ ।

आयोजनाअन्तर्गत ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न हुनै लागेको छ । हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन छ । हेटौंडा उपमहानगरपालिकाका १५, १६, १७ र ११ नम्बर वडामा स्थानीयको अवरोधका कारण प्रसारणलाइन निर्माण सम्पन्न हुन सकिरहेको छैन । अवरोध नभएका ठाउँमा निर्माण भइरहेको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हेटौंडा सबस्टेसनबाट स्थानीयरूपमा पनि विद्युत् आपूर्ति गरिने हुँदा हेटौंडा, भरतपुर, सिमरा तथा वीरगञ्ज क्षेत्रको विद्युत् आपूर्तिलाई थप भरपर्दो र गुणस्तरीय बनाउन सहयोग पुग्ने बताए । उनले भने, 'नेपालका मध्य क्षेत्रका नदी करिडोरका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गरी देशभित्र खपत गरी बचत भएको विद्युत् हेटौंडा-ढल्केबर ४०० केभी प्रसारणलाइनमार्फत भारततर्फ निर्यात गर्न थप सहज हुने छ, सबस्टेसनले हेटौंडाबाट भरतपुर बर्दघाट हुँदै नयाँ बुटवल सबस्टेसनसम्म विद्युत् प्रवाहका लागि सहजता प्रदान गर्ने छ ।'

हेटौंडा सबस्टेसनलाई आवश्यकताअनुसार भविष्यमा थप विस्तार गर्दै जान मिल्नेगरी निर्माण गरिएको आयोजना प्रमुख शुक्र देवकोटाले बताए । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारणलाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिने छ । यसका लागि हेटौंडा सबस्टेसनमा आवश्यक पूर्वाधार संरचना निर्माण गरिसकिएको आयोजना प्रमुख देवकोटाले उल्लेख गरे ।

राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा, ढल्केबर इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजना सुरु गरिएको थियो । आयोजनाअन्तर्गतका तीनवटै सबस्टेसन निर्माण सम्पन्न भएका छन् । हेटौंडा सबस्टेसन निर्माणका लागि डिसेम्बर २०१८ ठेक्का सम्झौता गएिको थियो । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट निर्माण गरिएको २२०, १३२ र ११ केभी हेटौंडा सवस्टेसन निर्माणका लागि डिसेम्बर २०१८ मा ठेक्का सम्झौता भएको थियो । सो सबस्टेसनको अनुमानित लागत तीन अर्ब रूपैयाँ रहेको छ ।

विश्वव्यापी फैलिएको कोरोना महामारी र त्यसको नियन्त्रण तथा रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले निर्माण प्रभावित भएको थियो । कोरोना महामारीका कारणले सबस्टेसन जडान हुने विभिन्न उपकरणहरू र प्राविधिक पूर्वनिर्धारित समयमा नै आयोजनास्थलसम्म आई नपुगेको तथा अन्य कारणले आयोजनाको निर्माणमा केही ढिलाइ भएको थियो । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ